# “टिकापुरका अछामी महिलाहरु माथि हुने घरेलु हिंसाका स्वरुप र कारण: एक  समाजशास्त्रीय अध्ययन”

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विषयको
स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिका
लागि तयार पारिएको शोध-पत्र

पारिएका


<u>प्रस्तुतकर्ता:</u>

**दिला कुमारी जोशी**

**(समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग)**

त्रि.वि., किर्तिपुर, काठमाण्डौ


**२०६८**

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय
त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र/मानवशास्त्र विभाग
कीर्तिपुर, काठमाडौ

## सिफारिश-पत्र

त्रिभुवन विश्वविद्यालयबाट मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभागमा मानवशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त श्री दिला कुमारी जोशीद्वारा तयार पारिएको शोधपत्र “टिकापुरका अछामी महिलाहरु माथि हुने घरेलु हिंसाका स्वरुप र कारण: एक समाजशास्त्रीय अध्ययन” नामक शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हुनाले उक्त शोधपत्रलाई आवश्यक मूल्यांकनको निमित्त सिफारिस गर्दछु ।

मिति : २०६८/०३/३०

..........................................
**प्रा. राम बहादुर क्षेत्री**
**शोध निर्देशक**
समाजशास्त्र/मानवशास्त्र विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय
त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र/मानवशास्त्र विभाग
कीर्तिपुर, काठमाडौ

## स्वीकृती-पत्र .

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभागमा मानवशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त दिला कुमारी जोशीद्वारा तयार पारिएको शोधपत्र "टिकापुरका अछामी महिलाहरु माथि हुने घरेलु हिंसाका स्वरुप र कारण: एक समाजशास्त्रीय अध्ययन" लाई स्वीकृति प्रदान गरिएको छ ।

## शोध मूल्यांकन समिति

विभागीय प्रमुख :
प्रा. ओम गुरुङ्ग ............................................

शोध निर्देशक :
प्रा.राम बहादुर क्षेत्री ............................................

बाह्य सुपरीवेक्षक :
उप-प्रा. टिकाराम गौतम ............................................

मिति :

# कृतज्ञता-ज्ञापन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र/ मानवशास्त्र स्नातकोत्तर तहको पाठ्यक्रमको आंशिक पाठ्य आवश्यकता अनुरुप तयार पारिएको हो । सर्वप्रथम, त्रिभुवन विश्वविद्यालयका समाजशास्त्र/मानवशास्त्र विभागका आदरणीय प्राध्यापकहरु, जसले यस विषयमा अध्ययन गर्ने मौका प्रदान गरी यस शोधकार्यमा हौसला र प्रेरणा दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । विभागीय प्रमुख श्री ओम गुरुङ्गज्यूप्रति आभारी छु । आफ्नो व्यस्तताको वावजुद पनि समय प्रदान गरी उचित निर्देशन, सुझाव एवं सरसल्लाह र सहयोग गरी यस शोधकार्यलाई सही मार्गनिर्देशन गरिदिनु भएकोमा शोधनिर्देशक श्री राम बहादुर क्षेत्रीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्यको शुरुदेखि अन्तसम्म आफ्नो अमूल्य सुझाव र सल्लाह प्रदान गर्दै वर्तमान स्वरुपमा ल्याइपुऱ्याउन सहयोग गरी दिनुहुने समस्त मित्र वर्ग धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै शोध क्षेत्रका स्थानीय वासिन्दाहरु, जसले मलाई शोधकार्यको लागि आवश्यक विविध जानकारी दिनु भई सहयोग गरी दिनु भएकोमा म उहाँहरुलाई पनि बिर्सिन सक्तिन । साथै शोधकार्यको शुरुदेखि अन्तसम्म लेखन कार्यको निमित्त सहज वातावरण बनाई सहयोग गर्ने मेरो साथी श्रीमती रञ्जु आचार्य, सहकर्मी श्री रघुनाथ उपाध्याय, भाई पारस आचार्य र भाई बुहारी श्रीमती कल्पना रेग्मी पनि धन्यवादका पात्रहरु हुनुहुन्छ ।

अन्तमा, यस शोधपत्रलाई शुद्धताका साथ कम्प्यूटर टाइप गरी सहयोग गरी दिनु भएकोमा ओम साई कमुनिकेशन, थानकोट, खरिबोटका श्री राजेन्द्र बहादुर श्रेष्ठलाई पनि धन्यवाद दिन चाहान्छु ।

मिति : .........................

**दिला कुमारी जोशी**
समाजशास्त्र/मानवशास्त्र विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ

# विषय-सूची


पृष्ठ

सिफारिस-पत्र

स्वीकृती-पत्र

कृतज्ञताज्ञापन

विषय-सूचि

तालिकासूची

परिच्छेद - १

१.१ परिचय

१.२ समस्याको कथन

१.३ अनुसन्धानको उद्देश्य

१.४ अध्ययनको महत्व

१.५ अध्ययनको सीमाहरू

परिच्छेद - २

साहित्य सन्दर्भको अध्ययन

२.१ महिलामाथि हुने घरेलु हिंसाको अवस्था

२.२ नेपालको सन्दर्भमा

२.३ महिलाहरूमा हुने घरेलु हिंसाको अध्ययन ढाँचा

परिच्छेद - ३

अनुसन्धान पद्धति

३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य

३.२ अनुसन्धान ढाँचा

३.३ तथ्याङ्कको स्रोत तथा प्रकृति

३.४ नमूना सर्वेक्षण

३.५ तथ्याङ्क संकलन विधिहरू

३.६ तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण

३.७ अनुसन्धानको सीमा

## परिच्छेद-४

## उत्तरदाताहरूले समेटेको क्षेत्र र समुदाय

४.१ अछामी समुदायको मूल थलो अछामको सामान्य परिचय

४.२ टिकापुरमा बसोवास गर्ने अछामी समुदायको सामान्य परिचय

४.२.१ भौगोलिक अवस्था

४.२.२ सामाजिक आर्थिक अवस्था

४.२.३ धार्मिक तथा भाषिक स्थिति

## परिच्छेद-५

## हिंसा पिडित महिलाहरूको सामाजिक तथा आर्थिक पृष्ठभूमी

५.१ जनसंख्या

५.२ उत्तरदाता महिलाको विवरण

५.३ परिवारको प्रकार

५.४ वैवाहिक स्थिति

५.५ जातिगत विवरण

५.६ शैक्षिक अवस्था

५.७ आर्थिक अवस्था

५.८ धर्म

५.९ उत्तरदाता महिलाको अवस्था अनुसारको विवरण

## परिच्छेद-६

## उत्तरदाता महिलाले भोगेका हिंसाको प्रकार, असर र धारणा

६.१ महिला विरुद्धको हिंसा

६.२ उत्तरदाता महिलाको उमेरचक्र अनुसारको हिंसा

६.३ हिंसाका प्रकारहरू

६.४ महिलामाथिको हिंसाका कारण

६.५ हिंसा सहनुका कारण

६.६ महिला विरुद्धको हिंसा रोकथाम बारेको धारणा

६.७ हिंसाबाट पर्न गएको असर

## परिच्छेद-७
## सारांश, निष्कर्ष र सुझावहरू

७.१ सारांश

७.२ निष्कर्ष

सन्दर्भ-सूचि

# परिच्छेद-१

## १.१ परिचय :

## नेपालमा महिलाविरुद्धको हिंसाको सामान्य परिचयः

## वर्तमान अवस्था-

नेपालमा महिलाविरुद्धको हिंसा विभिन्न आकार-प्रकारका छन् । व्यापकरुपले परिभाषित गर्नुपर्दा महिलाविरुद्धको हिंसाभित्र यौन दुर्व्यवहार र यातना, बेचबिखन, बलात्कार, हाडनाता, करणी, यौनजन्य अपराध, दाइजो र दुलहीको मोलतोल (Dowry and Brie Price), घरेलु, हिंसा, महिलाहरूमाथि हातपात, वैवाहित बलात्कार, छोराको चाहनाले भ्रूणहत्या (Female Feticide), परम्परागत हिंसा (बालविवाह, बहुपत्नीप्रथा, बहुपति-प्रथा, दुलही जलाउने, जारीप्रथा, देउकी प्रथा, वादीप्रथा, झुमाप्रथा र बोक्सी परम्परा), मानसिक यातना, गाली गलौज, लैङ्गिक विभेद इत्यादि पर्दछन् । महिलाका प्रजनन हक उल्लंघन, चिकित्साजन्य दुराचार तथा भेदभावपूर्ण कानूनका सम्बन्धमा सरकारको निरन्तरको बेवास्ता इत्यादि पनि महिलाविरुद्धको हिंसाको परिभाषाभित्र पर्दछन् । बेजिङ्ग कार्यमञ्च अनुसार महिलाविरुद्धको हिंसा भन्नाले लिङ्गको आधारमा गरिने हिंसाको कुनै पनि काम जसले महिलालाई भौतिक, यौनजन्य अथवा मनोवैज्ञानिक हानी नोक्सानी अथवा पीडा-कष्ट पुऱ्याउने किसिमको कामको नतिजाहरू निकाल्छ वा निकाल्न खोज्दछ र त्यसमा बाध्यतावश वा स्वेच्छाचारी ढङ्गले स्वतन्त्रताको अपहरण गर्ने काम चाहे त्यो सार्वजनिक स्थानमा वा व्यक्तिगत कुनै ठाउँमा घटेको घटनाहोस् यस्ता कामहरू पनि पर्दछन् । (आचार्य- २००८)

नेपालमा महिला विरुद्धको हिंसालाई निम्त्याउने मुख्य तत्वहरू हुन्- हाम्रा विद्यमान पितृसत्तात्मक मूल्य र मान्यताहरू, बालिकाको न्यून सामाजिक प्रतिष्ठा, चरम् गरिबी, शिक्षा र चेतनाको कमी, बाल-विवाह, बहु-विवाह तथा संस्कृति र परम्परा । (आचार्य- २००८)

नेपालमा महिलाविरुद्ध हिंसाको चरम बिभत्स रुप बालिकाहरूको बेचबिखन र घरेलु हिंसा हो । यौन व्यापारको लागि बालिकाहरूको बेचबिखन डरलाग्दो किसिमले बढिरहेको छ । नेपालबाट प्रत्येक वर्ष ५००० देखि ७००० हिसाबले १२ देखि २० वर्ष उमेरका बालिकाहरू बाहिरिने गरेको अनुमान छ । नेपालमा महिलाविरुद्ध हिंसाको रुपमा घरेलु हिंसा अर्को एक कष्टकर (तर समाजले सामान्य रुपले हेर्ने) हिंसा हो । यस्ता हिंसाको जाहेरी एकदम कम पर्ने हुँदा अपराधको संख्या आँकलन गर्न विल्कुलै गाह्रो छ । छोरो पाउन नसक्दा लोग्नेले अर्को विवाह गर्ने जस्ता महिलामाथि हुने गरेका मानसिक यातनाका मुद्दाहरू पनि नेपालमा थुप्रै छन् । एकजना सानो जातकी महिलाले उच्च जातको पुरुषसित विवाह गरिन् भने त्यस्तो विवाहलाई परिवार र समाजले सामान्यत: अस्वीकार गरिदिन्छ । यतिमात्र होइन नेपालमा परम्परागत संस्कार (बहुविवाह, देउकी र वादी जस्ता प्रथा) ले महिला विरुद्ध संस्थागत हिंसालाई बढावा दिइरहेको छ र यस्ता हिंसा महिलाहरूको आधारभूत मानव अधिकारमा सबै किसिमबाट भएका अतिक्रमणहरू हुन् । नेपालका महिलाहरू जोखिम अवस्थामा छन् र उनीहरू पीडित छन् । यसैले पनि हालको कानूनी तथा सामाजिक व्यवस्थाले तत्काल खासै पुग्दो राहत दिन सक्दैनन् ।

नेपाली समाज पितृसत्तात्मक पारिवारीक ढाँचा अनुसार चलेको समाज हो । अर्को शब्दमा भन्नु पर्दा वर्तमान सामाजिक संरचना पुरुषको बोलवाला भएको पुरुष समाज हो जहा पितृसत्ताले सिर्जना गरेको मूल्य, मान्यता र परम्पराबाट परिवार, समाज, समुदाय गर्दै राज्य, देश तथा विश्व नै चलिरहेको छ । जसको कारण दिनहुँ जसो पुरुषबाट कुनै न कुनै रुपमा दमित हुनु परेको छ । अर्को शब्दमा महिला पुरुषलाई एउटै सिक्काको दुईवटा पाटा वा एउटै रथको दुइवटा पाङ्ग्रा भने पनि सिक्काको एउटा पाटो र रथको एउटा पाङ्ग्रालाई बढी महत्व दिइएको पाइन्छ । अर्थात् पुरुषको तुलनामा महिलाको उपस्थितिलाई अपहेलना गरिन्छ ।

आज पनि महिला भएका कारणले गर्दा उसले भेदभावको सामना गर्नु परिरहेको छ । केवल महिला भएकै कारणले गर्दा हिंसापिडित बनेर बस्नु परेको अवस्था छ । जुन कुनै एक सिमित क्षेत्र वा परिवेश मात्रको सवाल नभई पुरा मुलुकको सवाल भएको छ । जनसंख्या वृद्धि हुनु, आर्थिक वृद्धि दर एवं क्रयशक्ति तथा आर्थिक स्तरमा वृद्धि नभई आम रुपमा गरिब रहनु, शिक्षाको व्यवस्था तथा प्रचार प्रसारको अपर्याप्तताका कारण जनचेतना नहुनु, रुढीवादी सामाजिक प्रथा एवं कानूनको प्रभावकारी कार्यान्वयनको अभाव जस्ता कारणबाट तमाम रुपमा सबैखाले अपराधिक क्रियाकलापहरू बढ्न गएको छ भने महिलाप्रति हुने हिंसाका पनि मूल कारणहरू यिनै रहेको पाइन्छ ।

छोरी जातिलाई सधैं परिवारको बोझ ठान्ने परम्परा र पुर्ख्यौली मान्यतालाई आजको नेपाली समाजले पनि छोड्न सकेको छैन । महिला र पुरुष अर्थात् पति, पत्नीले समाजमा समान स्थान हासिल गरेको कुरा उल्लेख गरिएको छ भने मनको भनाईमा, विधाता अर्थात् ब्रम्हाले आफ्नै शरीरलाई दुई भागमा विभाजन गरेर तथा नारीको सृष्टि गरेको कुरा उल्लेख छ । (नेपाल कानून परिचर्चा-२०३५) भारतीय समाजशास्त्र “कमला भाषिन” का अनुसार पितृसत्तामा महिला र पुरुषबीचमा शक्ति सम्बन्ध हुन्छ र पुरुष अनेक बहाना बनाएर महिलालाई सधैं आफ्नो अधिनमा राख्ने वा शोषण गर्ने गर्दछ । बोलीमा मात्र पुरुष महिला भनेको राष्ट्र निर्माणका लागि अभिन्न अङ्ग हुन भनेर भनिन्छ तर व्यवहारमा अझै उतार्न सकिएको छैन । आजपनि महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिन्छ । धार्मिक दृष्टिकोणबाट पनि महिला पुरुष रथका दुई पाङ्ग्राका रुपमा परिभाषित गरिएको छ । महिला र पुरुष एक अर्कोप्रति आश्रित छन् । एकको अभावमा अर्को सञ्चालन हुन नसकेको कुरा पनि धर्मशास्त्रहरूले व्याख्या गरेको पाइन्छ । यसरी धर्मग्रन्थमा समानरुपले हेरे पनि महिला विरुद्धको भेदभाव हाम्रो समाजमा जीवनचक्रको रुपमा देखा परेका छन् । हिन्दू धर्ममा देवीहरूलाई शक्ति स्वरुपाको रुपमा हेरिन्छ । पूजा अर्चना गरी जिवित देवीको रुपमा

कुमारीलाई पूजा अर्चना गरिन्छ । जसलाई महिलाको प्रतिकको रुपमा लिइन्छ, तर तिनै देवीबाट मानिसमा आईपुग्दा महिलाप्रतिको दृष्टिकोणमा फरकपन पाइन्छ ।

मनुष्मृति अनुसार महिलाहरू वाल्यावस्थामा आमा बुबाको नियन्त्रणमा, विवाहित अवस्थामा श्रीमानको नियन्त्रणमा भने बुढ्यौली अवस्थामा छोराहरूको नियन्त्रणमा बस्नु पर्ने हुन्छ । धार्मिक उक्तिबाट पनि महिलाको अवस्था प्रष्ट हुन्छ । महिलालाई कमजोर, असक्षम र अपूर्ण व्यक्तित्वको रुपमा स्थापित गरिएको छ । अर्थ उत्पादनको क्षेत्रमा भन्दा महिलाले घरायसी कार्य, बालबच्चा स्याहार सुसार जस्ता अनुत्पादित कार्यमा संलग्न गराएको छ । समानताको अधिकारको अभाबले महिलालाई मूल्यहीन र गन्तव्यहीन बनाउँछ (मीना आचार्य, २०५८) । यसै गरी महिलाहरू सामाजिक सत्ता, राजनैतिक सत्ता, धार्मिक सत्ता र शैक्षिक सत्ताबाट शोषित छन् (चापागाई, २०५७ ।

नेपालमा बनेका पटक-पटकका संविधानले प्रत्येक पटक आफ्नोतर्फबाट महिला हक अधिकारलाई संरक्षण दिने प्रयास गरेको छ । यसै क्रममा नेपाल अधिराज्यको संविधान २०४७ को धारा(११) लिङ्गका आधारमा भेदभाव नगरिने प्रतिबद्धता जनाए पनि व्यवहारमा भने त्यसलाई देख्न पाइएको छैन । नेपालको कानूनलाई केलाउने हो भने महिलामाथि गरिएको भेदभाव निम्न प्रकारका रहेका छन्-

- महिलालाई समान रुपमा पैतृक सम्पत्ति दिने सम्बन्धमा कुनै प्रावधानको उल्लेख छैन ।
- बहुविवाहसम्बन्धी कानून त छ तर बहुविवाहका पक्षमा पनि पुरुषलाई दोस्रो विवाह गर्ने छुट दिइएको छ । तर महिलालाई यस प्रकारको कुनै व्यवस्था गरेको छैन ।
- सम्बन्ध विच्छेदको कति मामिलामा समानता छैन ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(३) मा महिलावर्गको संरक्षण, सशक्तिकरण र विकासका लागि कानूनद्वारा विरोध व्यवस्था गर्न सकिने कुराको

उल्लेख गरिएको छ । वैशाख १४ गते, २०६६ सालमा नेपाल सरकारद्वारा प्रकाशित राजपत्रमा स्पष्ट रुपमा घरेलु हिंसाको परिभाषा उल्लेख गरिएको छ । उक्त परिभाषा अनुसार- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्धमा भएको अर्को कुनै व्यक्तिलाई दिएको शारिरीक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ । यसरी विभिन्न समयमा उपयुक्त परिभाषामा ढालेर महिला माथि हुने घरेलु हिंसाका बारेमा कानून हुँदाहुँदै पनि महिलामाथि घरेलु हिंसा हुने गरेको छ ।

आधुनिक विकसित समाजको परिवेशमा भन्नु पर्दा र समयले आधुनिकतामा पाइला टेकी सक्दासम्म पनि महिलाको अवस्थामा खासै परिवर्तन आएको देखिंदैन । प्राचीनकालदेखि अहिलेसम्ममा महिलाहरू सबै तिरबाट अपहेलित छन् । प्राचिनकालमा घरेलु कामकाजसम्म सिमित महिला र आधुनिककालकी कामकाजी महिलाको अवस्थामा खासै अन्तर देखिँदैन । अझै भन्नुपर्ने हो भने प्राचिनकालकी महिलाहरू घरको कामकाजमा मात्र सिमित थिइन् भने अहिले बाहिर काम गरी घर फर्कने महिलाहरू दोहोरो भारमा परेका छन् । एकै घरका महिला पुरुष दुबै जागिरे भएको अवस्थामा भने पुरुषले घरपुगी थकाई मार्ने अवस्था देखिन्छ भने महिलाले आइसके पछि पनि तुरुन्तै घरको कामकाज भ्याउनु पर्ने स्थिति हुन्छ । स्कूलबाट एकैचोटी फर्केको दिदी र भाई मध्ये भाईलाई आराम गर्ने र दिदीले भाईलाई नास्ता पकाई खुवाउने अवस्था छ । यसरी उमेरको जुनसुकै अवस्थामा महिलाहरूले पुरुषहरू भन्दा धेरै काम गर्नुपर्ने हुन्छ । तर पनि बिडम्बनाको कुरा यो छ कि हाम्रो समाजमा आज पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकिएको छैन । महिलाप्रतिको भेदभावपूर्ण व्यवहार तथा उनीहरूको दयनीय सामाजिक अवस्थालाई ध्यानमा राखी महिलाको लागि विशेष कानूनको निर्माण गरिनु तर्फ केही पहल भएको तथा सोही तथ्यलाई ध्यानमा राखी महिलाको लागि विशेष कानूनको निर्माण गरिन सक्ने व्यवस्था नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ मा पनि गरी दिएको हुँदा महिलाको

अवस्थामा परिवर्तन ल्याउन न्यायिक सक्रियता त देखाएको छ तर पनि न्याय प्रदान गर्न सकिन्छ सकिन्न यो कुरा अन्यौल नै छ ।

विश्वव्यापी रुपमा महिलाहरूमाथि हुने हिंसाले वृहत रुप लिंदैछ । मात्रा अनुसार तथा सामाज संस्कृति, भाषा, मूल्य मान्यता तथा परम्परा अनुसार यसका रुपमा फरक हुन सक्छ । तर हिंसा त जुनसुकै समाजमा पनि हुन सक्छ । मातृसत्तात्मक पारिवारिक ढाँचा भन्दा पितृसत्तात्मक पारिवारिक ढाँचामा घरेलु हिंसाको मात्रा बढी छ (आचार्य बलराम) । विश्वका हरेक समाजमा रहेको हिंसाले महिला र पुरुषबीचमा शक्ति सम्बन्ध असमान हुने गर्दछ भने, विशेष गरी महिला र बालबालिकाहरूलाई पुरुषले नियन्त्रणमा राख्न जुन अवस्थाले हाम्रो नेपाली समाजमा पित्तृसत्ताको रुप लिएको छ । पित्तृसत्तात्मक समाजमा पुरुषनै सर्वशक्तिमान हुने भएकोले उसकै निर्देशनमा व्यवस्था चलेको हुन्छ । सामान्यतया पुरुष प्रधान समाजमा महिलाहरूको निम्न क्षेत्र र विषयहरूमा निर्णय हुँदैन ।

१) शिक्षा क्षेत्रमा पारिवारिक निर्णय हुने गर्दछ ।

२) श्रम शक्ति र उत्पादकत्वमा पारिवारिक नियन्त्रण हुने गर्दछ ।

३) महिलाहरूको प्रजनन् क्रियामा पारिवारिक नियन्त्रण रहेको हुन्छ ।

४) पैत्तृक सम्पत्तीको अधिकारबाट महिलाहरू बञ्चित हुन्छन् ।

५) स्वतन्त्रतापूर्वक आवगमनमा स्वतन्त्रता हुँदैन ।

६) पित्तृसतात्मक परिवारमा नारीको स्थान दोश्रो दर्जाको नागरिकको रुपमा रहेको हुन्छ (केशवराज सापकोटा-२०६० ।

हाम्रो नेपाल जस्तो विकासोन्मुख देशमा महिलाहरू माथि हुने घरेलु हिंसा बढीरहेको छ । त्यसमा पनि सुदुरपश्चिमका महिलाले घरेलु हिंसाको मार सहनु परेको छ । यस अध्ययनमा खासगरी कैलाली जिल्ला टिकापुर नगरपालिकामा बसोबास गर्ने अछामी महिला विरुद्ध हुने घरेलु हिंसाको चर्चा गरिएको छ । यस अध्ययनका क्रममा त्यस समुदायका महिलाप्रति हुने गरेको घरेलु हिंसाका कारणहरू खोज्ने प्रयास गरिएको छ ।

समष्टिगत रुपमा भन्नु पर्दा महिलाहरू शारीरिक, मानसिक, सामाजिक, धार्मिक र कानूनी रुपमा नै हिंसाका शिकार भएका हुन्छन् । महिलाहरू माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई घरभित्रका व्यक्तिबाट समेत हुने गरेको पाइन्छ । त्यस्तै अछामी समुदायका महिलाहरू माथिको घरेलु हिंसामा यो अध्ययन सिमित छ ।

## १.२ समस्याको कथनः

छोरी, श्रीमती, आमा, बुहारी आदि जस्ता विभिन्न प्रकारका भूमिका निर्वाह गर्ने महिलाले विकास प्रक्रियामा पुरुष सरहकै भूमिका निर्वाह गर्दछ । त्यस्ता व्यक्तिले समाजमा महिला भएका कारणले गर्दा भोग्नु परेका पिर, मर्का, यातना तिनीहरूमाथि हुने गरेका हिंसा नै यहाँ अध्ययन गर्न खोजिएको छ । अन्धविश्वास प्रथा, परम्पराका कारणले गर्दा महिला माथि हिंसात्मक व्यवहार गरिन्छ । सामाजिक परिवेशका कारण त्यस्ता हिंसात्मक व्यवहारलाई सहेर बस्ने गरिन्छ । महिला वर्गबाट पनि नेपालको रुढीवादी सामाजिक परिवेश तथा महिला शिक्षाको अभाव जस्ता कारणले गर्दा बिकट ठाउँमा मानवताको पराकाष्ठा नाघेको छ । महिला विरुद्धको हिंसाले विद्यमान समस्याको समाधानार्थ न्यायिक प्रकृया अगाडि बढाउने ऐन नियमको निर्माण हुने, महिलालाई तुलनात्मक रुपमा केही सहुलियत दिने जस्ता पक्ष न्यायिक क्षेत्रमा पाइन्छ । तर पनि ऐन नियमहरू कडाइका साथ लागु हुन सकेको पाइदैन ।

नेपाल पिसत्तात्मक समाजमा आधारित देश भएकोले पुरुषहरूको स्थान महिला भन्दा उच्च रहँदा महिला माथि बढी हिंसा हुने गरेका पाइन्छ । प्रारम्भिक युग देखि नै महिला विरुद्धको हिंसाको सुरुवात भएको पाइन्छ । महिलाहरूलाई प्राचिन युगदेखि नै भोगविलास तथा मनोरञ्जनको साधनका रुपमा प्रयोग गर्ने गरेको प्रमाण हाम्रा धर्मशास्त्र तथा धार्मिक ग्रन्थमा उल्लेख भएको पाइन्छ । आज पनि प्रत्यके घर महिला माथि हुने हिंसाको प्रसङ्गले भरिएको छ । महिला दिदीबहिनीले कहिले छोरी, कहिले दिदी त कहिले आमा र भाउजु भएर आफ्नो दायित्व पूरा गर्दागर्दै पनि पुरुषहरूद्वारा पिडित हुनु पर्दछ । २१औं शताव्दीमा आइपुग्दासम्म पनि समाजले महिलाहरूलाई हेर्ने

दृष्टिकोणमा परिवर्तन ल्याउन सकेको छैन । आजपनि जुन महिलाले समाजले चाहेको मूल्यहरू, आदर्शहरूको पालना गर्दछ, नम्र, लजालु,, सहनशिल, रुपवती, दुःख कष्टमा पनि केही नबोल्ने प्रतिब्रतता, घर परिवारको सेवामा आफ्नो जीवन सर्मपर्ण गर्ने जस्ता व्यवहार देखाउँछ भने त्यस्तालाई उच्च प्रशंसा गरेको देखिन्छ र यसको विपरित आफ्नो खुट्टामा उभिन चाहने, आफ्नो हक अधिकारका लागि लड्ने र परिवारमा आफ्नो हैसियतलाई वृद्धि गर्न कोशिस गर्ने महिलाहरूलाई सधैं पछाडि पार्ने कोशिस गरेको हुन्छ । यस्तै व्यवहारबाट प्रत्येक परिवारमा महिला माथि पुरुषले गाली गलौज, कुटपिट तथा मानिसक र शारिरीक यातना दिएर हिंसाको सिर्जना गरेको पाईन्छ ।

आफ्नो उमेरको विभिन्न अवस्थाहरूमा महिलाहरूले विभिन्न घरेलु हिंसा सहनु पर्छ । भ्रुण हत्या पनि जन्मपूर्व नै एउटा अबोध बालिकाले सहनु पर्ने घरेलु हिंसाको ज्वलन्त उदाहरण हो । गर्भ परिक्षण गरेर लिङ्गको पहिचान पछि प्रायः जस्तो भ्रुण हत्या गरिन्छ । पहिलो सन्तान छोरी भए प्रायः जस्तो यस्ता किसिमको हत्या गरिन्छ । तसर्थ गर्भबाट नै एउटा महिलाप्रतिको हिंसा शुरु हुन्छ । भ्रुण हत्याबाट उसालई संसारमा आउनबाट नै रोक लगाइन्छ । बाल्यावस्थामा पनि छोरी हुँदा दाजुभाई सरह व्यवहार गरिंदैन । शिक्षा, स्वास्थ्य, पोषणयुक्त खाना, माया-ममताबाट बञ्चित पारिन्छ । युवास्थाका महिलाहरूमा पनि बलात्कार, बेचबिखन, जर्बजस्ती करणी, मञ्जुरी बिना विवाह, अनमेल विवाह जस्ता कुरामा हिंसा गरिन्छ । विवाह पश्चात् त झन् यो घरेलु हिंसाले उग्र रुप लिन्छ । जस्तैः वैवाहिक बलात्कार, दाइजोका कारण हुने हिंसा, लिङ्गको पहिचान गरी गरिने भ्रुण हत्या, गर्भवती अवस्थामा पाउनु पर्ने स्याहार सुसार र स्वास्थ्य सुविधाको कमी जस्ता घरायसी हिंसा सहनु पर्छ त्यसै गरी वृद्धावस्थामा उचित स्याहार सुसार र औषधी उपचारको अभाव माया ममता तथा पौष्टिक आहारमा कमी जस्ता घरेलु हिंसा देखा पर्दछन् । प्रायः जसो आर्थिक अवस्था कमजोर, अशिक्षित तथा ग्रामिण भेगमा बसोवास गर्ने महिलाहरूमाथि यस्ता किसिमका घरेलु हिंसाका शिकार हुन पुग्दछन् ।

यसरी सामान्य रुपमा भन्नु पर्दा जुनसुकै उमेर समूहका महिला शारिरीक, मानसिक, सामाजिक, धार्मिक र कानूनी रुपमा नै हिंसाका शिकार भएका छन् । महिलाहरू माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई घर भित्रका व्यक्तिबाट समेत हुने गरेको पाइन्छ । अझै कुनै-कुनै ठाउँमा त महिलाहरू महिलाबाट नै घरेलु हिंसाको शिकार भएका छन् । घरमा कान्छी आमा र श्रीमानको घरमा सासु, आमाजु र नन्दबाट पनि कतिपय महिलाहरूमाथि घरेलु हिंसा भईरहेको अवस्था छ । यसको कारणको चर्चा गर्ने हो भने परिवारमा रहेको नाता र स्तरले कतिपय महिलाहरू पिडितै देखिन्छन् । सासुले आफ्ना बुहारीहरूले दबेर, सहेर बस्नु पर्ने हो भन्ने मान्यताले पनि आफ्नो घरकी छोरी सरह बुहारीलाई मान्ने गरेका छैनन् । माइतीघरमा हुँदा कि छोरी मान्छे र विवाह गरी सकेकी छोरी मान्छेमा हुने व्यवहार पनि पारिवारीक नाता र स्तरको परिणाम हो । कतिपय परिवारमा त सासुले आफु पनि कहिल्यै बुहारी भएर भित्रिएको कुरा बिर्सिरहेका हुन्छन् ।

नेपाल अधिराज्यको अन्तरीम संविधान २०६३ मा भाग (३) मौलिक हकको समानताको हक अन्तर्गत लिङ्गका आधारमा भेदभाव गर्न नपाइने, पारिवारिक र सामाजिक संरक्षणमा भेदभाव गर्न नपाइने जस्ता कुराको व्यवस्था गरेको छ भने धारा (२०) मा महिला हकको छुट्टै व्यवस्था गरी महिलाहरूको हक तथा अधिकारलाई कानुनी रुप दिने व्यवस्था गरेको छ ।

वास्तवमा शारिरीक यातनालाई मात्र हामी हिंसा मान्न सक्दैनौं । मानसिक धार्मिक तथा कानूनी रुपमा भएका यातनालाई पनि हिंसा कै कोटीमा राखेर अध्ययन गरिनु पर्ने हुन्छ । प्रस्तुत अध्ययनमा टिकापुर नगरपालिकामा बसोबास गर्ने अछामी महिलाहरूले कस्ता प्रकारका हिंसाबाट पिडित हुने गरेका छन्, उनीहरूले भोगीरहेका हिंसाका कारणहरू के के हुन उनीहरूको सामाजिक, आर्थिक पृष्ठभूमी कस्तो रहेको छ भन्ने तथ्यलाई मुख्य समस्याको रुपमा अध्ययन गरिएको छ ।

## १.३ अनुसन्धानको उद्देश्य

शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण तथा नेतृत्व तह आदिमा महिलाको पहुँच पुऱ्याउन आवश्यक छ । महिलावर्गलाई शिक्षित एवं जागरुक बनाउन अति आवश्यक भइसकेको अवस्थामा पनि उनीहरूप्रति गरिने हिंसात्मक व्यवहारका कारण उनीहरूको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ । साधारणतया यस अनुसन्धानको उद्देश्य कैलाली जिल्लाको टिकापुरमा बस्दै आएका अछामी महिलाहरू माथि हुने घरेलु हिंसाका सम्बन्धमा अध्ययन गर्ने छ । यस अध्ययनको मूल उद्देश्य अछामी महिलाप्रति हुने गरको घरेलु हिंसा र सो को कारणहरूको अध्ययन गर्नु रहेको छ । तसर्थ यस अध्ययनका निम्न विशिष्ट उद्देश्य रहेका छन् ।

- महिला माथि हुने गरेको घरेलु हिंसा र त्यसको कारण माथि प्रकाश पार्नु ।
- घरेलु हिंसाबाट पिडित महिलाहरूको शैक्षिक, सामाजिक तथा आर्थिक पृष्ठभूमि माथि प्रकाश पार्नु र यी पृष्ठभूमि, उनिहरूको पारिवारिक स्तर, नाता र अवस्था अनुसार उनिहरू माथि हुने घरेलु हिंसाको स्वरुप बारे चर्चा गर्नु ।

## ` १.४ अध्ययनका महत्व

वर्तमान समाज विगतको समाजबाट परिवर्तित हुँदै वैज्ञानिक तथा आधुनिक युगमा आइपुगेको छ । प्रत्येक क्षेत्रमा तिब्रताका रुपमा परिवर्तन भइरहेको छ । आधुनिकीकरणले महिला प्रतिको दृष्टिकोणमा भने कुनै किसिमको सकारात्मक परिवर्तन ल्याउन सकेको छैन । ग्रामीण क्षेत्रमा अशिक्षा अन्धविश्वासले गर्दा महिला माथिको दृष्टिकोणमा परिवर्तन ल्याउन सकेको छैन भने शहर लगायतका शिक्षित व्यक्तिहरू भएको समाजमा पनि महिला प्रतिको व्यवहार उस्तै छ मात्र ग्रामिण क्षेत्रको भन्दा प्रकृतिमा फरक छ ।

यस अध्ययनले अछामी समुदायका महिलाहरूमा हुने घरेलु हिंसा बारे अध्ययन गर्दछ । ती घरेलु हिंसाको कारण र उनीहरू माथि पर्ने असरका बारेमा पनि अध्ययन हुने भएकोले यसको आफ्नो छुट्टै महत्व छ । अहिलेसम्म अछामी महिलाहरूमाथि के कस्तो किसिमको घरेलु हिंसा भइरहेको छ भन्ने बारे अध्ययन, अवलोकन तथा अनुसन्धान हुन नसकेकोले यस अध्ययनले अछामी समुदाय महिलाहरू बारेमा जानकारी लिन चाहने स्वदेशी तथा विदेशी अनुसन्धानकर्तालाई सहयोग गर्नेछ । साथै यस अध्ययनले योजनाविद्, नीति निर्माण तथा विकासका क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्छ । अछाममा बसोवास गर्ने र तिनै महिलाहरू टिकापुरमा बसोवास गरिसकेपछि के कस्तो किसिमको हिंसा उनिहरूले भोग्नु परेको छ भन्ने कुराको सामान्य अध्ययन गरिएको छ । अछामी महिलाहरू माथि हुने घरेलु हिंसामा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरूलाई पनि आगामी दिनहरूमा यो अध्ययनले सहयोग गर्ने छ ।

# परिच्छेद - २

# साहित्य सन्दर्भको अध्ययन

## २.१ महिलामाथि हुने घरेलु हिंसाको अवस्था-

विश्वव्यापी सन्दर्भ-महिलाहरूमाथी हुने घरेलु हिंसा संसारभरी नै तिब्ररुपमा फैलिएको एक विश्वव्यापी समस्या हो । विभिन्न स्थानमा त्यहाँको समाज र संस्कृति अनुसार र फरक-फरक किसिमले यसले जरा गाडेको छ । संसारका प्रत्येक ५ महिलामा एक महिलाले आफ्नो जीवनकालमा बलात्कारबाट पिडित हुनु परेको अनुमान छ । प्रत्येकमा ३ मा १ महिला बाध्यात्मक शारिरीक सम्पर्कबाट ग्रसित छन् (UNDP-2005 A.D.) ।

बालविवाह पनि महिला माथी हुने एक हिंसा हो । उनका अनुसार भारतको पश्चिमी राजस्थानमा “अख्खा तीज” र “अक्षय तृतीयाको” दिन सामुहिक रुपमा बाल विवाह खुल्ला रुपले हुने गर्दछ । “बिकानेर”, “जलवार” जोधपुर र जैसलमेरका प्रत्येक घर, बाटो, ट्याक्टर र बसमा विवाह र भोज खानेको भीड देखिने गरेको छ । यसरी हुने बालविवाहमा सामेल हुने गरेको छ । यसरी हुने बालविवाहमा सामेल हुने दुलहा-दुलहीमा केही त २ देखि ३ वर्ष उमेर समूहका मात्र हुने गरेको पनि देखिएको छ (सक्सेन सन् १९९९) ।

विश्वपरिपेक्ष्यमा हेर्दा पूर्व होस् वा पश्चिम, विकसित होस् वा अविकसित, शिक्षित होस् वा अशिक्षित जस्तोसुकै समाजमा पनि हिंसा हुने गरेका तथ्य देखा परेका छन् । महिला माथि हुने हिंसाको किसिममा भ्रुणहत्या र शिशुहत्या पनि एउटा हो जसले लिङ्गका आधारमा भेदभाव भएको कुरा उजागर गर्दछ । विकसित समाजमा अलि शिक्षित भएता पनि अथवा पश्चिमी संस्कृति पूर्वी संस्कृति भन्दा अघाडी भएता पनि लिङ्ग परिक्षण पछि भ्रुणहत्या हुने गरेको छ भने अशिक्षित वा पिछडिएको समाजमा शिशुहत्या हुने गरेको छ । यसरी विकसित र अविकसित समाजमा हत्या त हुन्छ तर

केहीले भ्रुणमै हत्या गर्दछन् भने अविकसित तथा पिछडिएको समाजमा गर्भको कुरा थाहा नहुँदा जन्मपछि बालिका-शिशुहत्या हुने गरेको छ । जसको ज्वलन्त उदाहरण तमिलनाडुको "टोडा" जातिमा देखापरेको छ । टोडा जाति दक्षिण भारतका तामेलनाडुमा बसोबास गर्दछ जहाँ अशिक्षा, गरिबी, रुढीवादी, मूल्यमान्यता रहेको छ । उनीहरूमा वैज्ञानिक किसिमबाट भ्रुण परिक्षण गरी भ्रुणहत्या नगरेता पनि जन्म पछि शिशुहत्या गर्ने गरेका छन् । यसरी गरिने शिशुहत्या धरमपुरी, सालेम र मधुराई जिल्लामा अझै तिब्ररुपमा हुने गरेको छ (Chaunkath-1999 A.D.) ।

'गुन्डर' जातिमा पनि शिशुहत्या हुने गरेको छ । बालिका शिशुहत्याका १८ वटा उदाहरणहरूमा १७ वटा उदाहरण गुन्डर जातिमा देखापरेका छन् भने बाँकी उदाहरण Arunthatis (सार्कीहरूमा) देखा परेको छ । बिहारमा पनि बालिका-शिशुलाई जन्मपछि दुधको भाँडोमा डुबाएर मार्ने चलन थियो । दाइजो प्रथा गरिबी तथा रुढीवादी परम्परा र छोरालाई बढी महत्व दिने समाजमा यस्ता किसिमको परम्परा विगतदेखि वर्तमानसम्म पनि आई पुगेको छ । विहारमा यस्ता किसिमका हत्या राजपुत, भुमिहर, ब्राम्हण, कायस्थ र यादव जाति माझ हुने गर्दछ (George et al 1992:1155) ।

महिला माथि विभिन्न किसिमका हिंसा मध्ये यौन हिंसाको मात्रा पनि कम छैनन् । भ्रुणहत्या वा शिशुहत्याबाट जोगिएर बालिकाहरू यौनावस्था तथा किशोरावस्थामा फेरी हिंसामा परेका हुन्छन् । इन्डिया, जमैका, माली र युनाइटेड रिपब्लीक अफ तन्जानिया र जीम्बाब्वेमा गरिएको एक अध्ययन अनुसार त्यहाँका २०-३०% किशोरीहरू यौन हिंसाको शिकार भएको पाइन्छ (विश्व बैंक-२००५) । यसरी हुने यौन हिंसाको मुख्य कारण समाजमा रहेका नराम्रो प्रवृत्तीका मानिसहरूको महिलालाई हेर्ने दृष्टिकोणमा पनि भर पर्दछ ।

दक्षिण अफ्रिका जस्तो मुलुकमा पनि यस्तो किसिमको हिंसा व्याप्त छ । दक्षिण अफ्रिकाको ३०% महिलाहरूले आफ्नो पहिलो सम्भोग जबरजस्ती भएको कुरा उल्लेख

गरेका छन् । त्यसै गरी ३०००० मानिसमा गरिएको एउटा अर्को अध्ययनले त्यसको एक चौथाई पुरुषहरूले आफ्नो केटी साथीको मञ्जुरी बिना नै शारीरिक सम्पर्क राख्ने गरेको दावी गरेका छन् (UNFPA-2003 A.D.) । यसरी पितृसत्तामा यौन शोषण र वैवाहिक बलात्कार जस्ता उदाहरण प्रशस्तै मात्रामा देखा परेका छन् । उदाहरणका रुपमा भन्नुपर्दा पितृसत्तात्मक संरचनामा पिताको वर्चस्व भएकाले छोरालाई बढी महतव दिइन्छ । जसले गर्दा छोरा नै बाबुपछिको घरमुली हुन्छ, बुबापछि आमाको स्थान छोरापछि आउने हुँदा घरका महिला सदस्यहरूले आफु भन्दा सानो हुँदा हुँदै पनि पुरुषको निर्णय मान्नु पर्ने बाध्यता पितृसत्ताले निम्त्याउँछ । यसरी पुरुषले गर्ने जुनसुकै निर्णय वाध्य भएकाले आफ्नै परिवारका पुरुष सदस्यहरूबाट संसारमा झण्डै ४० लाख महिलाहरू प्रतिवर्ष वैवाहिक वेश्यावृत्ति वा दासताको निम्ति बेचबिखन गरिन्छ (UNFPA-2003 A.D.) ।

यसरी महिला माथि हुने घरेलु हिंसा विश्वव्यापी रुपमा जतातत्तै फैलिएता पनि, देश, समाज संस्कृति, मूल्य, मान्यता तथा परम्पराका आधारमा पश्चिमी मुलुकमा यसको मात्रा कम छ भने हाम्रो जस्तो देशमा यसको मात्रा पश्चिमी मुलुकहरूको तुलनामा अलि बढी देखिन्छ । यो सबै किसिमको समाजमा प्रचलित छ । यसले घरेलु महिलाको स्वास्थ्य तथा पारिवारिक तथा सार्वजनिक जीवनमा प्रभाव पारिरहेको छ । अतः राज्य पक्षले सार्वजनिक वा निजी कुनै पनि क्षेत्रमा लिङ्गको आधारमा हुने हिंसालाई नियन्तण गर्न आवश्यक प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्छ (FWLD B.S. 2059 ) ।

महिलाहरू आफ्नै घरभित्र पिटिन्छन्, बलात्कृत हुन्छन्, जर्वजस्ती देहव्यापारमा लगाइन्छ, यौनदासको रुपमा राखिन्छ, जर्बजस्ती गर्भवती बनाइन्छ, बाल विवाह, अनमेल विाह विधवा प्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गतका हिंसाहरू हुन (थपलिया २०५८) महिलाले माइती र घर दुबै ठाउँबाट सम्पत्तिको हिस्सेदार बन्न नसक्ने भएकोले गर्दा महिलाहरूको विवाह पश्चात् सामाजिक, आर्थिक, धार्मिक तथा

निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ । (विनेट १९८३) समाजमा ८०% भन्दा बढी हिंसा र अपराध महिला कै विरुद्ध हुने गर्दछ । त्यस्ता प्रकारका हिंसामा घरायसी हिंसा, कुटपिट, प्रताडना, दाइजोको कारण हत्या, बालिका भ्रुण हत्या, यातना आदि रहेका छन् । समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा महिला नै हिंसाको शिकार बन्दै आएको पाइन्छ (दाहाल वि.सं. २०५८) ।

महिला विरुद्ध हुने हिंसा परम्परागत तथा हिंसाको रुपमा रहेका छन् । महिला विरुद्ध हुने हिंसा महिलाको सम्मानपूर्वक जीवनयापनको अधिकार विरुद्धको कार्य हो । यसलाई मानव विरुद्धको कार्य पनि भनिन्छ । जसको प्रभुत्वको कारण समाजमा परम्परागत रुपमा रहेको धर्म, परम्परा तथा कुरीति हो जसले पितृसत्तात्मक समाजलाई प्रश्रय दिएको छ । यसरी महिला विरुद्धको हिंसा विश्वव्यापी रुपमा कसरी आंकलन गर्न सकिन्छ भनेर कुरा उठाउँदा यस विश्वमा प्रत्येक पाँच महिलाहरू मध्ये एक जना बलात्कारको शिकार भएको छ । बलाकृत नभए पनि बलात्कार गर्ने कोशिश गरेको छ । तीन जनामा एउटाले निर्मम कुटाइको मार सहनु परेको छ । कतिपयले यौनशोषण जस्तो भयानक प्रवृत्ति पारिवारिक तथा सामाजिक रुपमा सहनु परेको छ । प्रत्येक वर्ष सयौं महिला तथा बालबालिका बेचविखनका शिकार भएका लाखौं अरु महिला खतराको विषय बनेका हजारौं महिलाहरू १५-४४ वर्षको बीचमै कैसरंका शिकार भएका छन् भने कतिपय दुर्घटना र मलेरिया जस्ता घटना र रोगबाट पनि महिलाको स्वास्थ्यका वृद्धिमा नराम्रो असर पार्ने हतियार हुन (UNFPA 2005A.D.) Sierraleon मा ९४% बेघर महिला तथा बालबालिकाहरूले यौनदासका रुपमा आफ्नो जीवन व्यतीत गरिरहेका छन् भने करीब २,५०,००० शायद त्यो भन्दा पनि ५,००,००० जति महिला १९९० को दौरान रुवाण्डामा बलात्कृत भइसकेका छन् । (WB 2005AD) । शरणार्थी महिलाहरू तथा आन्तिरिक रुपमा विस्थापित महिलाहरू नै बढी भन्दा बढी हिंसाको मारमा परेका छ । (IDPS) धेरै जस्तो शरणार्थी शिविरहरूमा आफ्नो दैनिक जीवनोपयोगी वस्तुका लागि महिलाहरूले देहव्यापार अंगालेका हुन्छन् । जसले गर्दा उनीहरूमा अरु गम्भीर किसिमका संक्रमणको खतरा

हुन्छ । द्वन्द्वकालमा आफ्नै परिवारबाट वा नजिकको आफन्तबाट महिलाहरूलाई यौनदासको बेचिएको देखिन्छ । (WB 2005 A.D.) साधारण तया किशोरावस्थाका बालिकाहरूमा यौनजन्य हिंसा बढी हुने गर्दछ । यहि हिंसाका कारणले उनीहरूको यौन तथा प्रजनन स्वास्थ्यलाई बिगारी रहेको छ । विगतका दशकहरूमा यस्ता हिंसा हुने गरेको देखिएको र यसको प्रमाणहरू भेटिएको छ । भारत, जमाइका, भाली तथा संयुक्त गणतन्त्र तन्जानिया र जिम्बाबेको अनुसन्धानले २०.३०% को बीचमा रहेका किशोरावस्थाका बालिकाहरूले यौनजन्य हिंसा भोगिरहेको तथ्य पत्ता लागेको छ । दक्षिण अफ्रिकामा ३०% जति महिलाहरूले पहिले पटक गरिने यौन व्यवहार गर्न जर्बजस्ती गरेको वा बाध्य बनाएको बताएका छन् । यौनहिंसा तथा जर्बजस्ती करणी जस्ता प्रवृत्ती यौनवस्थाका युवतीहरूले व्यापक रुपले भोग्नु पर्ने हुन्छ । जसलाई "Every day love" भनेर दक्षिण अफ्रिकामा भनिन्छ भन्ने कुरा पनि अर्को अध्ययनले देखाएको छ । यसरी Every day Love भनेको यौन व्यापार सित सम्बन्धित शब्द हो जसको अर्थ प्रत्येक दिन पैसाबाट किनिने माया भन्ने बुझाउँछ । यसरी बेचिने मायामा युवतीहरूको उमेर ३० वर्ष भन्दा कम हुन्छ भने प्रत्येक २ मा १ जना HIV/AIDS को शिकार भएका हुन्छन् ।

गृहस्थी कार्य भनेको महिलाको लागि यातना शिविर सरह हो । यहा महिलाको व्यक्तित्व विकासका लागि कुनै सम्भावनाहरू हुँदैनन् । यसरी महिलाहरू गृहस्थी कार्यमा र परिवारको साङ्लोमा बाँधिएका छन् । यसबाट महिलाहरूलाई मुक्ति दिलाउनु पर्छ । त्यसै गरी भाषा, कला, साहित्य र विचारको क्षेत्रमा पनि पुरुषको नै रजगज पाइन्छ (Oakley-2010 A.D.)।

बेजिङ्गमा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनको अनुसार महिला विरुद्ध हुने हिंसा भनेको एउटा समुहमाथि अर्को शक्तिशाली समूहले गरेको शारिरीक आक्रमण हो । जुन आक्रमण लैङ्गिक आधारमा हुने गर्दछ । यसरी गरिने लैङ्गिक हिंसाले महिलाहरूको स्वेच्छिक स्वतन्त्रता मानव अधिकार र महिला अधिकारको हनन् गरेको

हुन्छ । परिणमस्वरुप यसरी हुने हिंसाको अन्त्यका लागि सशस्त्र संघर्ष गर्न जरुरी छ । (Confrence of Women, Beijing 1995 A.D.)।

हजारौं महिलाहरू आफुमाथी हुने गरेको हिंसालाई अरु समक्ष उजागर गर्न सक्दैन । सयौंको संख्यामा रहेका महिलाहरूले कानुनको संरक्षण लिन चाहँदैनन् र स्वास्थ्य संस्थामा पनि स्वाथ्योपचार गराउन चाहँदैनन् । त्यसैले सरकारी निकायबाट बनेका नीति र सम्झौताहरूलाई महिलाहरू विरुद्ध हुने हिंसा रोक्न अघि बढ्नका लागि हामी स्वागत गर्दछौं । यसरी हुने हिंसा घर वा घरभन्दा बाहिर शुरु हुनुभन्दा पहिला नै अन्त्य गर्नुपर्ने प्रतिवद्धताका साथ सबैले लागेमा केही हदसम्म यस्ता हिंसाहरूको रोकथाम गर्न सकिन्छ । यसरी सबै पक्षको हातेमालो गरी अगाडि बढेमा केही हदसम्म महिलामाथि हुने घरेलु हिंसालाई कम गर्न सकिन्छ [EVAN-2001 A.D.]।

घरेलु हिंसा प्रत्येक रुपमा कुरुप र विभत्व छ । यो प्रत्येक समाज, वर्ग, धर्म र जीवनको प्रत्येक गोरेटोमा छ । घरेलु हिंसाले विश्वको जनसंख्याको सबभन्दा ठूलो भागलाई प्रभावित गरेको छ । विश्वमा आधा ाकाश ढाक्ने महिला जनसंख्या माथी घरेलु हिंसा हुने गरेको छ (Vasquez 2008- A.D.) ।

घरेलु हिंसाले आफूमा थुप्रै असामाजिक घरेलु हिंसाले आफूमा थुप्रै असामाजिक मुद्दाहरूलाई समावेश गरेको छ । घरेलु हिंसा परिवारीक मनमुटाव, अन्याय, सामाजिक अपराध नीति नियम तथा सिद्धान्तहरूको घातक, मानव अधिकारलाई उल्लंघन गर्ने मुख्य तत्वको रुपमा रहेको छ । जसबाट मुख्यतः महिला, अशक्त तथा बालबालिका प्रभावित भएका छ (Alexander 2008-A.D.) ।

घरेलु हिंसाको एउटा उदाहरण मारपिटाई पनि हो । जुन कुरा विश्वव्यापी रुपमा प्रत्येक समुदायका महिलाहरूले सहिरहेकाछन् । UNFPA ले देखाएको figure अनुसार धेरै विवाहित महिलाहरूले विश्वका विभिन्न ठाउँमा आफ्नो श्रीमान्बाट यस्तो

किसिमको मारपिट सहेका छन् । महिलाहरूको बढी समय क्रियाकलापले तेस्रो विश्वका ग्रामिण घरपरिवारको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । गरीब राष्ट्रका महिलाहरूको धेरै समय काम गरी अर्थतन्त्र र पारिवारीक कल्याणको निर्माणमा जोड दिएका हुन्छन् (बुभिनिक र मेहरा) । हिंसा भनेको कुनै पनि शारिरीक, दृष्टिगत, भाषिक अथवा यौनिक क्रियाकाप हो, एउटा महिलाले वा केटीले एउटै समयमा वा विभिन्न समयमा अनुभूत गरेको हुन्छ । समय-समयमा अनुभव गरेको धम्की, त्रास, आक्रमणहरू जसले महिलालाई शारिरीकता मानसिक रुपमा दोऱ्याएको हुन्छ । पछि गएर यस्ता किसिमका हिंसाले महिलाहरूलाई आफ्ना घनिष्ठ व्यक्तिहरू विरुद्ध आवाज उठाउन बाध्य बनाउँछ (Kelly 2008-A.D.)।

महिला विरुद्धको घरेलु हिंसा भनेको सामाजिक र कानूनी धारणा हो । उनका अनुसार घरेलु हिंसा त्यो अपमानित व्यवहार हो जुन परिवारका पुरुष सदस्यले महिला सदस्यमाथी गर्ने गर्दछ । यस्तो व्यवहारमा अपमानित गर्ने, हेप्ने, आफ्नो निर्णय महिला वा श्रीमतीमाथी लाद्ने जस्ता प्रवृत्तिहरू देखा पर्दछन् । अमेरीकामा गरिएको सर्वेक्षण अनुसार लगभग २ देखि ४ लाख अमेरीकी महिलाहरू आफ्नो जीवनसाथी वा केटासाथीबाट मानसिक, भाषिक, मनोवैज्ञानिक, भावनात्मक र शारिरीक रुपमा अपमानित भएका हुन्छन् । अर्को तथ्यांक अनुसार प्रत्येक वर्ष १/३ अमेरीकी महिलाहरू आफ्नो श्रीमान, केटा साथी वा पहिलाको श्रीमानबाट हत्या गरिएका छन् । यसरी हत्या गरिने युवतीहरू नेपाल र भारतका युवतीहरू जस्तै १५-४४ वर्ष उमेर समूहका रहेका छन् (Erickson 2008- A.D.)।

घरेलु हिंसाको अर्को ज्वलन्त उदाहरण दाइजो प्रथा पनि हो । वर्षेनी दाइजो प्रथाले भारतका कयौं महिलाहरू जलाइएका प्रसस्तै उदाहरण संचार माध्यमहरूबाट थाहा हुन आएको छ । घरेलु हिंसा सम्बन्धी तथ्यांक अनुसार भारतमा प्रत्येक २ घण्टामा दाइजो नलाइएकी नवदुलहलिाई जलाएको वा उसको श्रीमानले अर्को विवाह गरेको घटना प्रत्यक्ष रुपमा देखिने गरेको छ । (Kimbelle)

समाजशास्त्री (बेनेट-१९८३) ले "नारीकोट" भन्ने गाउँको काल्पनिक नाम राखी लैङ्गिक दृष्टिकोणबाट महिलाहरूको अवस्थालाई चित्रण गर्न खोजिएको देखिन्छ । उच्च हिन्दू जातका महिलाहरूका जीवनको चित्रण उक्त पुस्तकमा गरिएको छ । लेखिकाले नारीकोटको समाज पितृप्रधान भएको, कृषिमा आधारित भएको तथा समाजको आर्थिक व्यवस्था कृषिमा आधारित रहेको तथ्य उल्लेख गर्दै समाजमा रहेको लैङ्गिक भूमिकाका बारेमा चर्चा गरेकी छिन् ।

यो अध्ययनका क्रममा पनि लेनबिनेटले आफ्नो पुस्तकमा व्याख्या गरे जस्तै नाता संरचनाका बारेमा अध्ययन गर्न खोजिएको छ । लेनबिनेटले आफ्नो पुस्तकमा महिलाको द्वैध स्थानका बारेमा चर्चा गरेकी छिन् । नातेदारी प्रणालीमा महिलाको हैसियत, अधिकार र स्थिती पुरुषको तुलनामा कमजोर रहेको देखाइएको छ । यसै गरी विवाह पूर्व र विवाह पछिको अवस्थामा महिलाको स्थिति फरक-फरक रहेको तथ्य देखाउँदै विवाहपूर्व जुन सम्मान र पवित्रताको दृष्टिकोणले हेरिन्छ । विवाह पछि त्यस्तो स्थिति नरहने गरेको तथ्य पनि लेखिकाले उठाएकी छिन् ।

घरेलु हिंसाको स्वरुपका बारेमा चर्चा गर्दा विभिन्न किसिम र तरिकाले महिलामाथि घरेलु हिंसा हुने गर्दछ । महिलाहरूमाथि घरेलु हिंसा निम्न प्रकारबाट हुने गर्दछन्-

क) शारिरीक हिंसा

ख) मानसिक हिंसा

ग) यौनजन्य हिंसा

घ) भाषिक दुर्व्यवहार

ङ) अर्थोपाजनसम्बन्धी हिंसा आदि हुन् ।

१) शारिरीक हिंसाका प्रकारहरूमा

- चिमोट्नु, आँखा झिम्क्याउनु, धकेल्नु, तान्नु, बेस्सरी हल्लाउनु, चड्कन लगाउनु, दाँतले टोक्नु, मुड्कीले हान्नु, हिर्काउनु जस्ता कार्यहरू पर्दछन् भने यी कार्य अरुलाई अथवा आफ्नो महिला साथीलाई पिडा दिने हैसियतले गरेको हुन्छ ।

२) मानसिक हिंसा

- मानसिक हिंसा धेरै कारणले हुने गर्दछ । शरीरलाई पिडा भएमा त्यसको सबभन्दा ठूलो असर मस्तिष्कमा पर्दछ जसले गर्दा मानिसक तनावले सधैं हिंसामा परेका महिलाहरूलाई पिरोली रहन्छ ।
- पिडकको भावनाहरूको कदर नगर्नु ।
- अभिभावक, प्रेमी वा पतिको हैसियतलाई उच्च स्थानमा राख्नु र पिडकको सक्षमताको कदर नगर्नु ।
- आफ्ना अनैतिक सम्बन्ध वा प्रेम प्रसङ्गको चर्चा पटक-पटक आफ्नी श्रमिती समक्ष गरी रहनु ।
- सामाजिक सम्पर्कबाट टाढा राख्नु ।
- शंका गर्नु ।
- आफ्नो काम बिग्रिंदाको आरोप श्रीमती माथि थोपार्नु आदि मानसिक हिंसाका प्रकारहरू हुन् ।

३) यौनजन्य हिंसा

- यौन दुव्यवहार, यौनजन्य हिंसाको अर्को रुप हो । यौनजन्य हिंसाले महिलालाई शारिरीक, मानसिक दुबै किसिमको यातना दिईरहेको हुन्छ । यौनजन्य हिंसामा निम्न कुराहरू पर्दछन् ।
- शारिरीक सम्बन्धका लागि दवाव दिनु ।
- शारिरीक सम्बन्धलाई पुरस्कार अथवा दण्डका रुपमा हेर्नु ।
- वैवाहिक बलात्कार आद यौनजन्य हिंसाका प्रकार हुन् ।

४) भाषिक दुर्व्यवहार

- मुखले गालिगलौज गर्नु ।
- अपशब्द प्रयोग गर्नु ।

- माइतिघरको कमी कमजोरी पटक-पटक मुखले जाहेर गरिरहनु ।
- आफूभन्दा कम आंकलन गरी हेप्नु आदि मुखले गरिने हिंसाहरू हुन् ।

५) अर्थोपार्जन सम्बन्धी हिंसा

- बढी खर्च गरेमा गाली गर्नु ।
- घरखर्च नदिनु ।
- जागिर गर्न नसकेकोमा पटक-पटक सुनाई राख्नु ।
- आफ्ना सहकर्मीका अगाडि कम आंकलन गर्नु ।
- घरायसी कामकाजलाई कम ठानी आफ्नो पेशालाई उच्च प्राथमिकता दिनु

श्रोत : *(National Colidation Against Domestic Violence and Domestic Violence Resource Centre (1998 A.D.)* ।

फ्रान्सेली राज्यकान्तीका समयमा (ओलम्पे दी गोगस)ले महिलाहरूका केही मुद्दा आफ्नो पुस्तक Declaration of the right of Women) बाट उठाएकी थिइन् । उनले, उक्त पुस्तकमा महिलाहरूको हक तथा अधिकारको पक्ष लिंदै Declaration of the Right of Men भन्ने पुस्तकको विरोध गरेकी थिइन् । त्यसपछि (उलिस्टोन क्राफ्ट)ले त्यतिबेलाबाट नै महिला शिक्षा माथि जोड दिंदै, महिलालाई स्वतन्त्र र निर्णायक हुन र दासतलाई स्वीकार नगर्न उत्साहित गरेकी थिइन् ।

सन् १८३२ मा पनि जोहन इस्टुवार्ट मिल र हेरिएट टैलरले संयुक्त रुपमा एउटा पुस्तक लेखे जुन विवाह र सम्बन्ध विच्छेद बारे थियो, जसमा बच्चाहरू सिमित भए महिलाहरू व्यवसाय गर्न मै उनीहरूको हित हुने कुरा उल्लेख गरिएको छ । महिला पुरुषको बौद्धिक क्षमता समान छ, तसर्थ यी दुबैले निर्णायक भूमिका निर्वाह गर्नु पर्दछ र राजनीतिमा महिलाहरूले भोटिङ्ग अधिकार पाउनु पर्दछ (१८६९ जोहन स्टुवार्ट मिल) ।

१९औं तथा २०औं शताव्दीको प्रथम महिलावादी धारले महिलाहरूका कानूनी अधिकार जस्तै मतदानको अधिकारलाई संरक्षित गर्न खोजेको छ भने महिला सम्बन्धी दोस्रो धारले महिलाहरूको पारिवारीक, सामाजिक, यौनिक र काम गर्ने क्षेत्रहरूलाई संरक्षित गर्न कोशिश गरेको छ । (Erickson 2008) अमेरीकामा रहेका महिलावादी आन्दोलनले महिलाहरूको राजनैतिक, आर्थिक, सामाजिक र समानताको अधिकारलाई संरक्षण दिने कोशिश गरेको छ । यस्ता आन्दोलनहरूले महिला सम्बन्धी नाजुक मुद्दाहरूमा आफ्नो ध्यान केन्द्रीत गरेको छ ।

## २.२ नेपालको सन्दर्भमा

अब नेपालको सन्दर्भमा कुरा गर्ने हो भने नेपालमा महिला र छोरीबेटी जन्मबाटै कसैको अधिनमा हुन्छन् । जन्मीदा बुबाको अधिनमा, विवाहपछि श्रीमान्को अधिनमा, बुढेसकालमा छोराको अधिनमा रहन्छन् । बुबा, छोरा र श्रीमानबाट उनको जीवन शुरु हुन्छ र उनीहरूको अन्त्य पुरुष सदस्यहरूबाट नै उनीहरूका सम्पूर्ण निर्णय लिने र दिने गरिन्छ (Adhikari 2004 A.D.) ।

चेलीबेटी बेचविखनलाई पनि एक प्रकारको हिंसा मानिन्छ । लभभग २००००० चेलीहरू भारत तथा विदेशका विभिन्न ठाउँमा यौन व्यवसायका लागि बेचिएका छन् । प्राप्त स्रोत अनुसार वर्षेनी ५०००-७००० युवतीहरू नेपाल र भारतको भन्सारबाट ओसारपसार हुने गर्दछन् । जसको मुख्य उद्देश्य उनीहरूलाई भारतका कोठीहरूमा लगी यौन व्यवसायी बनाउनु हो (SAATHI 1997-A.D.) । संस्थाले गरेको अध्ययन अनुसार ३२% नेपाली महिलाहरू शारिरीक यातना सहन्छन्, ३०% बलात्कारका शिकार हुन्छन् भने २८% लाई जर्बजस्ती वेश्यावृत्तीका लागि बाध्य बनाइन्छ ।

सुदुरपश्चिमतिर हुने हिंसाका विभिन्न प्रकारका देउकी प्रथा वादी, छाउपडी रहेका छन् । त्यो भन्दा पनि बोक्सीको आरोपमा दिशा पिसाव खुवाउने कुरो पनि

सुदुरपश्चिमका लागि नौलो होइन । अझै बालविवाह र बहुविवाह, दाइजो प्रथाले पनि प्रश्रय पाउँदै आएको छ (DHDR 2004-AD) ।

नेपालमा लगभग ५००० भन्दा बढी महिलाहरू यौन व्यवसायमा संलग्न रहेको देखिन्छन् । त्यसमा पनि ३५-५० वादी महिलाहरू १५ वर्षभन्दा मुनीका छन् । देउकी प्रथा महिलामाथी हुने अर्को हिंसा हो । लगभग १७००० देउकीहरू अझै पनि सुदुरपश्चिमका पहाडी जिल्लामा आफ्नो हक र अधिकार खोजी रहेका छन् (Bidari 2004 A.D.) ।

कुनै पनि महिलालाई गरिने गाली, बेइज्जती, पारिवारीक भेदभाव, दाइजो नल्याएका कारण, श्रीमान्ले श्रीमतीको इच्छा विपरित राख्ने यौन सम्पर्क, छोरा पाउनु पर्ने वाध्यता, घरमा सबभन्दा पछि खानु पर्ने चलन जस्ता सम्पूर्ण कुराहरू महिला हिंसाका स्वरुप हुन् । यस्ता सम्पूर्ण कुराहरूले महिलाहरूको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्दछ (राजभण्डारी, (२०५५ वि.स.) ।

यौनजन्य दुर्व्यवहार कुनै व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौनजन्य दुर्व्यवहार शारीरिक यौनजन्य, दुर्व्यवहार र भित्र अनावश्यक रुपमा छुन्, थपथपाउनु, छाम्नु, चिमोट्नु, सुमसुम्याउनु आदि जस्ता कार्य पर्दछ भने मौखिक यौनजन्य दुर्व्यवहार भित्र अश्लिील वा अपमानित टिप्पणीहरू यौनजन्य चुट्किलाहरू, अप्रिय कुराकानी वा ठट्टा, लक्षित अपमानजनक बचनहरू, अनिच्छित यौनजन्य आमन्त्रणहरू, प्रस्तावहरू वा दबाव पर्दछ । यस्तै लिखित यौनजन्य दुव्यवहार भित्र यौनसम्बन्धी सामग्री वितरण गर्नु, अश्लिल वा कामुक तस्विरहरू, वस्तु वा लिखित सामग्री प्रदर्शन गर्नु आदि पर्दछ भने, घुरेर हेर्नु, सुसेली बजाउने यौनजन्य अश्लिल इशारा गर्ने, आचरणहरू इशाराले गर्ने यौनजन्य दुर्व्यवहारहरू हुन् ।

महिलाहरू माथि गरिने भेदभावको प्रकृति आयाम तथा उग्रताहरू जन्म देखिनै प्रारम्भ गरिएका हुन्छन् । जब छोरी बालक हुन्छे उ माथि ठाडै भेदभाव गरिन्छ, जसबाट केटीको स्वास्थ्य तुलनात्मक हिसाबले कमजोर हुन्छ। यो भेदभावले महिलाको हरएक क्षेत्रमा नराम्रो असर पर्न जान्छ । यसै परिवेशमा महिलाहरूको जीवनमा देखापर्ने विभिन्न भेदभावको बारेमा युनिसेफले निम्नानुसार वर्णन गरिएको छ-

**१. भर्खर जन्मिएकी छोरी-**

- भोज, भरेतबाट बञ्चित
- घृणाको पात्र
- गर्भपतन
- हत्या

**२. बालक छोरी-**

- पोषण युक्त खानबाट बञ्चित
- स्वास्थोपचारबाट वञ्चित
- स्याहार सुसारको अभाव
- माया ममताबाट बञ्चित

**३. बालिका छोरी-**

- भेदभावपूर्ण व्यवहार
- पारिवारीक मायाबाट बञ्चित

**४. विद्यालय जाने छोरी-**

- घरेलु कामको बोझ
- दाजु भाईको भरिया बनाइने

**५. जवान छोरी-**

- बालविवाह
- श्रीमानको अधिनमा बस्नु पर्ने
- यौनशोष
- बेचबिखन

**६. जवान महिला-**

- घरपरिवारको बोझ
- गर्भपतन
- यौनशोषण
- उचित स्वास्थोपचारको कमी

**७. मध्ये उमेरका महिला-**

- गिर्दो स्वास्थ्य
- छोरोको भरमा जीवन यापन
- हेला र हेपाई सहनु

**८. वृद्ध महिला-**

- पारिवारीक तनाव
- उचित स्वास्थोपचारको कमी
- पोषणयुक्त खानाको कमी
- एक्लो पन

*(श्रोत: युनिसेफ-१९९७)*

महिला विरुद्ध हुने हिंसा परम्परागत तथा प्रमुख हिंसाका रुपमा रहेको छ । महिला विरुद्ध हुने हिंसा महिलाको सम्मान पूर्ण जीवनयापनको अधिकार विरुद्धको कार्य पनि हो । यसैले यसलाई मानव अधिकार विरुद्धको कार्य पनि भनिन्छ । जसको प्रमुख कारण समाजमा परम्परागत रुपमा विद्यमान रहेको धर्म, परम्परागत तथा कुरीती हो । जसले पितृसत्तात्मक समाजलाई प्रश्रय प्रदान गरेको छ (न्यायका लागि आवाज-२०५९) ।

महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन । महिलाहरू आफ्नै घरभित्र बेचिन्छन्, बलतकृत हुन्छन्, जबरजस्ती देहव्यापारमा लगाइन्छ । यौनदासका रुपमा राखिन्छन्, जबरजस्ती गर्भवती बनाइन्छन्,

बालविवाह, अनमेल विवाह, बहुविवाह आदि महिला माथि हुने घरेलु हिंसाको ज्वलन्त उदाहरणहरू हुन (डा. थपलिया-२०५८) ।

भ्रुणावस्था देखि लिएर वृद्धावस्थासम्मका महिलाहरू घरेलु हिंसाको चपेटामा छन् । यसरी घरेलु हिंसाको चोट सहेकी छिन् दिपायलकी ६० वर्षिया मन्धरीलाई कुष्ठरोग लागेका कारण घरबाट निकाली दिएका छन् । कुष्ठरोग लागेकी आमाका कारण छोरीको विहे हुँदैन भन्न थालेपछि आफ्नै छोराले ती जन्म दिने आमालाई ओढारमा पुऱ्याएका छन् । आफुले जन्माएर हुर्काएको छोरीको जति खेर भ्याई-भ्याई बाजाका साथ घरमा बिहे भइरहेको बेलामा ती महिला कठ्यांग्रिदो चिसोमा डरले कामेको मुटु लिई एक्लै बस्नु परेको छ । यसरी ती महिलाको मानवअधिकार हनन् हुनुको साथसाथै शारिरीक शोषण पनि भएको छ । समाजमा व्याप्त अन्धविश्वास तथा रुढीवादी परम्पराले गर्दा वृद्ध अवस्थाका महिलालाई पनि घरेलु हिंसा सहन बाध्य बनाएकोछ (कान्तिपुर दैनिक, वि.सं. २०५९ साल फाल्गुन) ।

एउटी महिलाका लागि सबैभन्दा अप्रिय नाता नै सौता हो । तर छोरा नभई स्वर्ग पुगिन्न भन्ने परम्परागत मान्यताका कारणले गर्दा महिलाबाटै पनि सौता व्यहोर्न तयार रहेको अवस्था समाजमा विद्यमान रहेको पाइन्छ । टीकापुरकै अछामी समुदायका रतनबहादुर धामीले जेठी श्रीमतीबाट लगातार ४ ओटी छोरी जन्मिएर छोरा नभएपछि छोरा जन्माउनका लागि लोग्नेले श्रीमतीकै मञ्जुरीमा दोस्रो विवाह गरेका छन् (हटलाइन, २०६५ जेष्ठ ४) । यसरी किशोरावस्था तथा यौनावस्थामा छोराको महत्वले गर्दा महिलाहरू सौता भित्र्याउन बाध्य छन् ।

# परिच्छेद - ३

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य :

यस अध्ययनमा हाल टिकापुरमा बसोवास गर्ने अछामी समुदायका महिलाहरूलाई लिइएको छ । अछामी समुदायका महिला समाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक सबै पक्षबाट कमजोर भएको र महिला हिंसा समाजमा व्यापक रहेकोले त्यससम्बन्धी जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनौट गरिएको हो । अछामी समुदायका महिला अशिक्षित, आर्थिक कुरामा श्रीमान माथि अथवा छोराहरू माथि आश्रित भएकाले गरिबीका कारण उनीहरूको जीवनमा अभाव भएकोले यो समुदायका महिलाहरू माथि बढी हिंसाका घटना हुने भएकाले पनि यस क्षेत्रलाई अध्ययन क्षेत्रका रुपमा लिइएको छ ।

यसरी अध्ययन क्षेत्रका महिलाहरूमा अधिकांश महिलाहरू अशिक्षित नै रहेको र शिक्षित महिलाहरूले पनि कामकाजी र शिक्षित हुँदाहुँदै पनि पुरुष प्रधान समाजको बाहुल्यताले गर्दा हिंसा सहनु परेको अध्ययनबाट प्रष्ट भएको छ । क्षेत्रगत अनुसन्धान गर्दा उत्तरदाता महिलाहरूलाई सोधपुछका क्रममा एउटै घरका सासु र बुहारीलाई फरक-फरक समयमा सोधपुछ गर्नु परेको थियो । अविवाहित केटीहरूले आफ्ना आमा, बुबा तथा दाजुभाईको अगाडि उत्तर दिन अफ्ठ्यारो मानेका थिए । समूह छलफल गर्दा कुनै महिलाहरू प्रश्नको उत्तर दिन उत्सुक थिए भने कतिपयले यो गैरसरकारी संस्थाको भत्ता पचाउने बाटो हो पनि भनेर प्रश्नको उत्तर दिन अप्ठ्यारो मानेका थिए । शिक्षित उत्तरदाताहरूले प्रश्नको उत्तर त दिए तर आफ्ना यी कुराहरू गोप्य राख्न अनुरोध गरेका थिए । अलि उमेर पुगेका महिलाहरूले आफ्ना श्रीमान र छोराले दिएको दुःखको खुल्ला मनले व्याख्या गरेका थिए भने केही गृहिणीहरूले आफ्नो श्रीमानको बारेमा भन्नु भनेको आफ्नो लाज हुनु हो भन्दै रिसाउँदै त्यहाँबाट केही उत्तर नदिई उठेका थिए ।

यसरी अनुसन्धान क्षेत्रको अनुभव र सिकाई अति राम्रो नभए पनि त्यति तितो र दु:ख लाग्दो पनि थिएन । अछामका विभिन्न ठाउँबाट बसाई सरी आएकाले गर्दा उनीहरूले प्रयोग गर्ने भाषामा र उनीहरूको भेषभुषामा पनि भिन्नता देखिन्थ्यो । अछाम सदरमुकाम नजिक घर घएकाले केहीको भाषा स्पष्ट बुझिन्थ्यो भने, सदरमुकाम भन्दा टाढा रहेका महिलाहरूको भाषा बुझ्न गाह्रो भएको थियो । पहिलै दिन सजिलोसँग उत्तर दिनपनि गाऱ्हो भएकाले घरदैलो सर्वेक्षण गरी मुख्य उत्तरदाताहरूसँग सोधपुछ गर्दा पनि केहीले स्पष्टसँग उत्तर दिएका थिएनन् । कतिपयले घरेलु हिंसा भनेको के हो त्यो पनि बुझेको थिएनन् ।

यो एक शैक्षिक उपाधि हासिल गर्न गरिएको अनुसन्धान हो जसमा कैलाली जिल्ला टी.न.पा. को सौभाग्य टोललाई मात्र अध्ययन क्षेत्र छनौट गरिएको छ । यो क्षेत्र छनौट गर्नुको पछाडि विभिन्न कारणहरू छन्-

१) यो क्षेत्र पश्चिमी नेपालको कैलाली जिल्लाको टीकापुरमा अवस्थित छ । जहाँ अछामी समुदायका मानिसहरू बसोवास गर्दछन् र अध्ययनले अछामी समुदायको अध्ययन गरेको छ ।

२) महिला हिंसाबारे अध्ययन अनुसन्धान भएतापनि अछामी समुदायका महिलाहरू माथि हुने घरेलु हिंसाका बारेमा त्यति अध्ययन नभएकोले यस शोधपत्रले यस क्षेत्रको छनौट गरेको हो ।

३) वर्तमान समयमा महिला हिंसामा हुने गरेको परिवर्तन तथा त्यस परिवर्तनको अछामी महिलाहरूमा कस्तो प्रभाव परेको छ । यस कुराको अध्ययन गर्न यस क्षेत्रको छनौट गरिएको हो ।

४) यस क्षेत्रमा अहिलेसम्म हुने अध्ययन र अनुसन्धान नभएकोले यहाँको वास्तविक चित्रण हुन सकेको छैन । त्यसैले क्षेत्रलाई छनौट गर्न उपयुक्त देखिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यो अध्ययन हिंसाका प्रत्येक क्षेत्रको सामान्य अध्ययन हो । यसै गरी महिलाहरूको सामाजिक, आर्थिक, अवस्था तथा उनीहरूले भोगेको हिंसा तथा हिंसाका कारण र बचाऊका उपायहरूलाई सामान्य रुपमा वर्णन गरी महिलामाथि हुने गरेको घरेलु हिंसाको अवस्थालाई प्रस्ट्याउने प्रयास गरेको छ, साथै महिलाहरूको पारिवारिक स्तर, अवस्था र नाताअनुसार उनीहरूमाथी हुने हिंसामा के फरक देखिन्छ । त्यसको पनि सामान्य अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत तथा प्रकृतिः

यस अध्ययनका क्रममा तथ्यांक संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरू प्रयोग गरिने छ । प्राथमिक तथ्यांकहरू कार्यक्षेत्र सर्वेक्षणबाट संकलन गरिने छ, जसका लागि अन्तर्वाता, प्रश्नावली, वैयक्तिक अध्ययन जस्ता विधिहरू अपनाइने छ । यसैगरी द्वितीय तथ्यांकको संकलनका लागि गा.वि.स., जि.वि.स. लगायतका स्थानीइ निकायको सहयोग लिइने छ र अध्ययनसँग सम्बन्धित पूर्वकार्य लेखरचना र शोधपत्रहरूलाई पनि तथ्यांक संकलनको आधार बनाइने छ ।

## ३.४ नमूना सर्वेक्षण :

घरेलु हिंसाबाट पिडित भएपनि सहेर बस्ने परिपाटी हाम्रो समाजमा यथावत रहेको छ एकातिर असह्य भै कानूनी उपचारको निमित्त सम्बन्धित संस्था वा निकायमा उजुरी गरी सहयोगको याचना गर्ने परीपाटीको पनि विकास हुँदै आएको छ । यस सम्बन्धमा यो अध्ययन टीकापुर नगरपालिका वडा नं. ९ बस्ने ४०० अछामी परिवारका महिला मध्ये १०% महिलाहरूमा केन्द्रीत भएर यो अध्ययन गरिने छ ।

## ३.५ तथ्याङ्क संकलन विधिहरू :

अध्ययनका क्रममा प्राथमिक तथ्यांकहरू प्रश्नावलीबाट संकलन गरियो । द्वितीय तथ्यांक अन्य पत्रपत्रिकामा प्रकाशित सामाग्रीबाट लिइएको छ । साथै अध्ययनका क्रममा अवलोकन विधिको समूह छलफल विधिको प्रयोग गरिएको छ ।

अन्तर्वार्ताः विधि तथ्यांक संकलनमा आवश्यक पर्ने महत्वपूर्ण विधि हो । यसले सम्बन्धित क्षेत्रका महिलाको भूमिका र तयसबाट उक्त क्षेत्रका महिलामाथि हुने विभिन्न किसिमका हिंसाको बारेमा प्रत्यक्ष अध्ययन गर्न सघाउ पुऱ्याउँछ । अध्ययन क्षेत्रमा गई १० देखि ५९ वर्षका महिलाहरूलाई भेटी अन्तर्वाता लिई प्राथमिक तथ्यांक संकलन गरियो । अन्तवार्ता लिंदा धेरै जसो महिलाहरूले सजिलै उत्तरदिन मानेनन् । प्रत्येकको घरदैलोमा अन्तवार्ता लिन जाँदा पनि घर परिवारको डरले गाई-भैंसी चराउने ठाउँमा, घाँस काट्न जाने ठाउँमा वा बच्चा विद्यालय पुऱ्याउन जाँदा पछि-पछि लागि अन्तवार्ता लिइएको थियो । अन्तवार्ताका क्रममा पनि केहीले भाषा नबुझी अर्कै उत्तर दिएका थिए भने केहीले सजिलै मलाई थाहा छैन भनेका थिए । यसरी अन्तर्वाताका क्रममा उत्तरदाता महिलाहरू उत्तर दिन अलि त्रसित देखिएका थिए भने उनीहरूसितको छलफलले उनीहरूमाथी, शारिरीक, मानसिक, मनोवैज्ञानिक, भाषिक, आर्थिक र यौनजन्य हिंसा हुादै आएको रहेछ ।

अवलोकनः अध्ययन क्षेत्रको जीवनशैली र अवस्था बुझ्नका लागि अवलोकन विधिको प्रयोग गरिएको छ । धेरै जस्तो महिलाहरू आफुमाथि हुने हिंसाको खुलेर कुरा गर्न चाहँदैनन् यस्ता किसिमका महिलाहरूको प्रत्यक्ष अवलोकनबाट नै विशेष परिस्थिती पत्ता लगाउन सकिन्छ । अध्ययनका क्रममा छनौटका पिडित पक्ष वृहत परिवार वा एकल परिवार के कस्तोमा बस्छ र उसको शारिरीक अवस्था जान्न, घाउचोट निलडाम आदिको अवलोकन गरी मात्र थाहा पाउन सकिन्छ । यसरी गरिएको अवलोकनमा कतिपय महिलाहरू आफ्नो श्रीमान घरपुग्ने समयमा डराएर, गरेको काम आधा नै छोडी जाने, रक्सी सेवन गरी आउँछ कि भनेर डराउने, कतै जाँदा श्रीमानको

डरले काम नसकिनै घर जाने जस्ता कुरा देखा पऱ्यो तर कुनै पनि महिलाको शरीरमा निलडाम र घाउचोट देखा परेन ।

समूह छलफलः समूह छलफल महिलाको घर परिवारसँग सम्बन्धित हुन्छ । घरका छोरी, बुहारी, आमा र भाउजुको समूह छलफलबाट उनीहरू माथि हुने हिंसालाई प्रष्ट पार्ने प्रयास गरिएको छ । मुख्यतया एकै परिवारका महिलाहरूलाई राख्दा तथ्य कुरा नआउने हुनाले एक परिवारबाट एक जना १ वटा समुहमा राखी जम्मा १० जना गरी ४ वटा समूहमा राखी समूह, छलफल गरियो । यसरी १ ग्रुपमा प्रत्येक घरबाट १ जना बुहारी, १ जना छोरी, १ जना सासु, १ जना हजुरआमा नातापर्ने गरी समूह छलफल गरिएको थियो । त्यस्तो गर्दा अवस्था तथा नाताअनुसार हिंसामा फरक छ की छैन भन्ने कुरा स्पष्ट भएको थियो ।

मुख्य सूचनादाताको अन्तवार्ताः अध्ययन क्षेत्रका अनुभवी व्यक्ति, शिक्षक, सरकारी अधिकृत वा कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधिहरू अध्ययनका मुख्य सूचना दाताहरू हुनेछन् । यसरी सूचनादाता उत्तरदाताका आफन्त पनि रहेछन् तर माथि उल्लेखित मुख्य सूचनादाता, शैक्षिक दृष्टिकोणले उच्च शिक्षा हासिल गरेकाले उनीहरूले आफ्नो जानकारीका कुराहरू भन्न केही असजिलो महसुस गरेको देखिएन ।

## ३.६ तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण :

अध्ययनका क्रममा लिइएका संख्यात्मक तथ्यांकलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरी प्रतिशतमा वर्णन गरिएको छ भने गुणात्मक तथ्यांकलाई वर्णन गरिएको छ ।

## ३.७ अनुसन्धानको सीमा :

आफ्नो परम्परा र संस्कृति अनुसार महिलाको भूमिका थोरै बहुत परिवर्तन पनि भएको पाइन्छ । तर पनि विर्सन नहुने तथ्य भनेको नेपाल पितृसत्तात्मक पारिवारिक ढाँचा भएको राष्ट्र पनि हो । संस्कृतिमा भएको फरकपनका कारण उनीहरू प्रति हुने गरेका हिंसाको प्रकृतिमा फरक पर्न जाने साथै महिलाप्रतिको हिंसाको क्षेत्र बृहत भएका कारणले गर्दा यस अध्ययनमा निम्न प्रकारको सिमितता रहेको छ-

- यस अध्ययनले नेपालका सबै महिला वर्गप्रति हुने हिंसाको प्रतिनिधित्व गर्दैन ।
- विद्यार्थीको आफ्नो अध्ययनको विषयभित्र परेको एउटा विषयकको रुपमा अध्ययन गरिनु पर्ने हुँदा समयको सिमितताका कारणले गर्दा पनि बृहत क्षेत्रलाई समेटी अध्ययन गर्न सकिएको छ भने अर्थको सीमाका कारणले गर्दा पनि सिमित क्षेत्रभित्र सबै महिलालाई अध्ययनमा समेटिएको छैन ।
- पश्चिम नेपालको कैलाली जिल्लाको टीकापुर न.पा. वडा नं. ९ लाई यस अनुसन्धानको अध्ययन क्षेत्रका रुपमा छनौट गरिएको छ । सम्पूर्ण अछाम जिल्लाको महिलाहरूलाई केन्द्रित गरी अध्ययन गरिएको छैन । अछामबाट टीकापुर न.पा.मा बसोबास गरेका अछामी महिलाहरूको ४०० घरधुरीबाट नमूना छनौट गरी जम्मा १०% महिलाहरूमाथी मात्र यो अध्ययन गरिएको छ ।

# परिच्छेद-४

# उत्तरदाताहरूले समेटेको क्षेत्र र समुदाय

## ४.१ अछामी समुदायको मूल थलो अछामको र अछामी महिलाको सामान्य परिचयः

टिकापुर नगरपालिका वडा नं. ९ मा बसोबास गर्ने अछामी समुदायको मूल थलो सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलको अछाम जिल्ला हो । अछामको मंगलसेन, लाछिमन, बलडाँडा, रोल-कालागाउँ, मुजा, सुगाली, दर्ना, जयगढ, रामारोशन जुपु, शान्तडा भटाकाटिया आदि गाउँबाट लगभग १२ हजार अछामी समुदायका मानिस बसाई-सराई गरी टिकापुर नगरपालिकामा बसोबास गर्दछन् ।

सामाजिक रुपमा अछामी समुदायमा मेलमिलाप देखिन्छ । महिलाहरूले साधारण नेपाली पोशाक लगाउने गर्दछन् भने पुरुषहरूले दौरा-सुरुवाल लगाउने गर्दछन् । शैक्षिक क्षेत्रमा अछाम जिल्ला त्यति विकसित नभए पनि शैक्षिक विकासको बाटोमा छ । घरमा गरिबी तथा पिछडिएको जिल्ला भएकाले धेरै जसो परिवारका पुरुष सदस्य छिमेकी राष्ट्र भारततिर जाने गरेको देखिन्छ । अशिक्षाले गर्दा र घरको कामकाजले गर्दा पनि महिलाहको स्वास्थ्य स्थिति राम्रो छैन । आङ खस्ने, पाठेघरको क्यान्सर, फोक्सोको क्यान्सर आदिबाट यो जिल्लाका महिलाहरू वर्षेनी मृत्युको शिकार भएका छन् ।

घरेलु हिंसाको कुरा गर्ने हो भने बालविवाह, बहुविवाह, छोरालाई अत्याधिक महत्व, रुढीवादी परम्परा, छाउपडी प्रथाको बोलवाला भएको अछाम जिल्लामा हिंसा जताततै फैलिएको छ । अरु समस्या जुनसुकै समाजमा देखापरे पनि छाउपडी प्रथा जस्तो कुरिती अछाम, डोटी, डडल्धुरा जिल्लामा व्याप्त छ । छुई भएकी महिलाले अरुलाई छुँदा देउता रिसाउने, दाजुभाई र बुबा बिरामी हुने, अनर्थ हुने, भैंसीको दुध

खाँदा भैंसी मर्ने वा भैंसीको दुधबाट रगत आउने, बिरुवालाई छुँदा बिरुवा नै सुक्ने जस्ता अन्धविश्वासले गर्दा यो क्षेत्रका महिलाहरूमा घरेलु हिंसा प्रशस्त देखिन्छ ।

## ४.२ टिकापुरमा बसोवास गर्ने अछामी समुदायको सामान्य परिचय :

यस शिर्षक भित्र अछामी समुदायको सामान्य परिचयका क्रममा टिकापुरको भौगोलिक सामाजिक, आर्थिक एवं धार्मिक तथा भाषिक स्थितिको चर्चा गरिएको छ ।

### ४.२.१ भौगोलिक अवस्था-

अध्ययन क्षेत्र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको कैलाली जिल्लाको टिकापुर नगरपालिकाको वडा नं. ९ मा पर्दछ । टिकापुर नगरपालिका महेन्द्र राजमार्गलाई छुने लम्कीबाट १४ कि.मी. दक्षिणमा, १४ कि.मी. पश्चिम भारतको सीमामा पर्ने मोहना नदी, पूर्वमा कर्णाली नदी र पश्चिममा पथरैया नदी पर्दछ । २०५३ सालमा टिकापुर गा.वि.स.लाई नगरपालिका घोषित गरिएको हो । टीकापुर नगरपालिकाले ६७.११ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । टिकापुर न.पा. २८°२८” देखि २८°३३’३३” उत्तरी अक्षांसमा पर्दछ । समुद्र सतह भन्दा १४५ देखि १६१ मीटर माथी रहेको छ । यो अध्ययन सेती अञ्चल, अछाम जिल्लाबाट विभिन्न कारणले बसाई सरी आएका अछामी समुदायका महिलाहरू माथि हुने घरेलु हिंसामा केन्द्रीत हुनेछ ।

### ४.२.२ सामाजिक आर्थिक अवस्था-

टीकापुर नगरपालिकामा बसोबास गर्ने अछामी समुदायको मुख्य थलो सेती अञ्चलको अछाम जिल्ला हो । अछामको विभिन्न ठाउँबाट विभिन्न परिस्थितिका कारण अछामीहरू टीकापुर नगरपालिकामा वर्षौं देखि बसोबास गर्दै आएका छन् र अझै यो क्रम बढ्दो अवस्थामा छ । विभिन्न ठाउँबाट आएका र पृथक-पृथक जाती भएकाले उनीहरूको भेषभुषा, बोलीचाली, चाडपर्व मनाउने तरीका मूल्य मान्यता परम्परामा केही फरकपन पाइएता पनि टीकापुरमा बसोबास गर्ने सबै जसो अछामीहरूमा एकता

तथा सद्भाव देखिएको छ । होरी र पुतला खेल अछामीहरूको मुख्य चाडपर्वमा पर्दछन् र आफ्ना धर्म संस्कृति अनुसार उनीहरूले यी चाड हर्षोल्लासका साथ मनाउने गर्दछन् । आयआर्जनका निमित्त धेरै जसो घरपरिवारका पुरुषहरू छिमेकी राष्ट्र भारत तिर जाने गरेका छन् भने केही पढेलेखेका महिला तथा पुरुष जागिर व्यापार एवं वैदेशिक रोजगार तिर लागेका छन् । महिलाहरू प्रायजसो अशिक्षाका कारण घरायसी कामकाजमा बढी संलग्न भएको देखिन्छ भने जागिर खाने महिलाहरूको संख्या ज्यादै न्यून छ ।

अहिले विभिन्न संघसंस्थाहरूले महिलाहरूको स्थिति माथि उकास्ने च्याउ खेती तालिम, सिलाई बुनाई तालिम, डेरी उद्योग सम्बन्धी तालिम आदि विभिन्न किसमका तालिम दिएर उनीहरूलाई सशक्त बनाउने प्रयास गरिरहेको छ । धेरै जसो महिलाहरूमा शिक्षा प्रतिको जनचेतनाले गर्दा साक्षरता शिक्षा, प्रौढ शिक्षा, चेलीबेटी शिक्षा प्रति पनि उनीहरूको आकर्षण बढेको छ । धेरै जसो पुरुषहरू परिवारबाट टाढा छिमेकी राष्ट्र भारत तिर भएको हुँदा पनि महिलाहरू माथि हुने घरेलु हिंसामा कमी आएको छैन । कतिपय महिलाहरू श्रीमानबाट नभई आफ्नै घरपरिवारमा रहेका महिला सदस्यबाट पनि अपहेलित हुन पुगेको अवस्था छ ।

### ४.२.३ धार्मिक तथा भाषिक स्थिति-

अछाम जिल्लाको विभिन्न ठाउँबाट बसाई सरी आएका कारणले यहाँ बसोबास गर्ने अछामीहरूको भाषामा फरकपन पाइन्छ र केहीले चाडपर्व र बिहावारीमा आफ्नै संस्कृति अनुसारको चलन प्रयोग गरिएको पाइन्छ । पृथक ठाउँबाट आएर पनि एकै ठाउँमा बसोबास गरी सकेपछि सहकार्यको संस्कृति अनुसार यहाँका समुदायले आफुलाई समावेश गराएका छन् । यस क्षेत्रमा प्रायजसो सबैजना हिन्दू धर्म नै मान्ने गर्दछन् तर केहीले हिन्दूधर्म अन्तर्गत नै मानव धर्म, श्रीकृष्ण प्रणामी धर्म, ॐ शान्ती र थोरैले क्रिश्चियन धर्म मान्ने गर्दछन् । पृथक धर्म तथा संस्कृतिका मानिसहरू एकै

ठाउँमा बस्दै आएपनि एक आपसमा मेलमिलाप र धार्मिक सहिष्णुता यहाँका मानिसमा कायम रहेको पाइन्छ ।

पृथक पृथक मातृभाषा भाएका मानिसहरू यस क्षेत्रमा बसोबास गर्दै आएका भए पनि बोलीचालीमा नेपाली भाषाको नै बढी मात्रामा प्रयोग हुने गरेको छ । नेपाली भाषा देशको राष्ट्रभाषा हुनाका साथै अधिकांश मानिसबाट बुझ्ने भएका कारण पनि यो भाषा अन्य क्षेत्र जस्तै यस क्षेत्रमा पनि बहुप्रचलित बन्न पुगेको छ । यस क्षेत्रका मानिस आफ्नो संस्कृत परम्परा अनुसार जन्मदेखि मृत्यु पर्यन्तका संस्कारको अवलम्बन गर्दछन् । देशको अन्य क्षेत्रमा जस्तै गरी यस क्षेत्रका मानिसहरू पनि केही रोग निको हुने आसमा धर्म परिवर्तन तर्फ लाग्न थालिएका छन् ।

यसरी अछाममा हुँदा र टिकापुरमा बसाइसरी सकेपछि पनि अछामी समुदायमा खासै परिवर्तन आएको देखिंदैन । टिकापुर नगरपालिकामा पूर्वाधारहरूको राम्रो विकास भएकाले शैक्षिक क्षेत्रमा छोरी-बेटीहरूलाई स्कुल पठाउने क्रम बढेको छ तर रुढीवादी परम्परा र अन्धविश्वासमा भने कमी आएको छैन । शिक्षाले बालविवाहमा कमी आएको छ तर बहुविवाह, छोरालाई दिइने महत्व र छाउपडी प्रथा मान्ने कुरामा कुनै प्रगति भएको छैन । अछाममा हुँदा छोरीलाई स्कुल नपठाउने अभिभावकले टीकापुरमा सरकारी स्कुलमा छोरीलाई र बोडिङ्ग स्कुलमा छोरा राखेर पढाई रहेका छन् । अछाममा छाउपडीलाई राख्ने गोठ टाढा हुन्थ्यो भने टिकापुरमा छाउपडी गोठ घर नजिकै राख्ने गरेको पाइयो तर अहिलेका विद्यालय पढ्ने केटीहरूले विद्यालयमा दिइने स्वास्थ्य शिक्षाका कारण छाउपडी प्रथाको विरोध गरेको देखियो । अधिकांश अछामी समुदायका पुरुषहरू आर्थिक भार धान्न छिमेकी राष्ट्र भारत तथा अन्य मुलुकहरूमा वैदेशिक रोजगारीका लागि जाने गरेका छन् । अहिले पनि अछामी समुदायका महिलाहरू आफ्ना परिवारका पुरुष सदस्य माथि निर्भर छन्, निर्णय प्रक्रियामा उनीहरूको सहभागिता कम छ । आफ्नो नाता र उमेर अनुसार महिलाहरूले आ-आफ्नो उमेरमा विभिन्न किसिमका हिंसा भोगेका छन् ।

# परिच्छेद-५

# हिंसा पिडित महिलाहरूको सामाजिक तथा आर्थिक पृष्ठभूमी

प्रस्तुत अध्यायमा जनसंख्या अन्तर्गत छनौटका महिलाको पारिवारीक तथा स्वयं उत्तरदाता महिलाको विवरण त्यस्तै गरी परिवारको प्रकार, जातिगत, विशेषता, आर्थिक अवस्था शैक्षिक अवस्था धर्म आदि रहेका छन् ।

## ५.१ जनसंख्या :

अध्ययन क्षेत्र टीकापुर नगरपालिकाका छनौटमा परेका महिलाको पारिवारिक जनसंख्यालाई उमेर तथा लिङ्गका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाता महिलाहरूको पारिवारिक जनसंख्या विवरण

तालिका नं. १

| उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-९ | १३ | ७.९२ | ९ | ५.४८ | २२ | १३.४० |
| १०-१९ | १९ | ११.५८ | १९ | ११.५८ | ३८ | २३.१६ |
| २०-२९ | ९ | ५.४८ | १६ | ९.७५ | २५ | १५.२९ |
| ३०-३९ | १५ | ९.१४ | १५ | ९.१४ | ३० | १८.२६ |
| ४०-४९ | १३ | ७.९२ | ९ | ५.४८ | २२ | १३.०४ |
| ५०-५९ | ९ | ५.४८ | ५ | ३.०३ | १४ | ८.५२ |
| ६०+ | ५ | ३.०४ | ८ | ४.८७ | १३ | ७.९२ |
| **जम्मा** | **८३** | **५०.५६** | **८१** | **४९.३४** | **१६४** | **१००** |

**(स्रोत : स्थलतग अध्ययन-२०६७)**

माथिको तालिका २ अनुसार उत्तरदाता महिलाको कूल परिवार संख्या १६४ रहेका छन् । जम्मा पुरुषको संख्या ५०.५६% छ भने महिलाको संख्या ४९.३४% रहेको

छ । तरउमेर समूहमा हेर्ने हो भने १०-१९ वर्ष र ३०-३९ वर्ष उमेर समूहका महिला पुरुषको संख्या ११.५८% गरी ९.१४% गरी बराबर रहेको छ भने, ६० वर्षभन्दा माथि रहेको उमेर समूहको संख्या सबभन्दा कम ३.०४% र ४.८७% रहेको छ र २०-२९ वर्ष उमेर समूहमा पुरुषको भन्दा महिलाको संख्या बढी देखिएको छ । यसो हुनुको मुख्य कारण २०-२९ उमेर समूहका पुरुषहरूले निसन्तान हुँदा वा आफ्नो स्वइच्छाले बहुविवाह गरी २ वटी श्रीमतीसागै राख्ने छन् भने केही परिवारमा छोराको आसमा ३ भन्दा धेरै छोरीहरू पनि जन्माएर महिलाहरूको संख्या यो समूहमा बढेको हो । ६० वर्षभन्दा माथिका समूहमा भने केही महिलाहरू विधवा भएकाले पुरुषको संख्या न्यून देखिएको हो ।

## ५.२ उत्तरदाता महिलाको विवरण :

छनौटमा परेका उत्तरदाताहरू विभिन्न उमेर समूहका रहेका छन् । यी समग्र उत्तरदाता महिलाको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

लिङ्ग र उमेर अनुसार उत्तरदातको विवरण

तालिका नं. २

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १०-१९ | २ | ०.५ |
| २०-२९ | १५ | ३७.५ |
| ३०-३९ | २० | ५० |
| ४०-४९ | २ | ५ |
| ५०-५९ | १ | २.५ |
| **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका २ अनुसार ३०-३९ उमेर समूहका महिलाको संख्या बढी छ र ५०-५९ सम्म उमेर समूह भएकाका महिलाहरूको संख्या न्यून छ । यसरी उमेर समूह अनुसार हेर्दा ३०-३९ उमेर समूहका महिला हिंसा सहेर भएपनि बालबच्चाको

भविष्यका लागि सम्बन्ध बिग्रिने डरले वा श्रीमानको र घरपरिवारको लाज हुन्छ भन्ने डरले चुप लागि बसेका छन् भने वृद्ध अवस्थाका महिलाहरू आफ्नो बाँकी जीवनमा वा बुढेसकालमा दुःख पाउने डरले हिंसा सहेर बसेका छन् । २०-२९ वर्ष उमेर समूहका बालिका तथा महिलाहरू केही कानूनी कुरा थाहा पाएर त्यहाँबाट बाहिर निस्किने प्रयासमा लागि परेका छन् । १०-१९ वर्ष समूहमा अविवाहित बालिका २ वटा मात्र रहेका छन् भने धेरै जसो गृहिणी तथा यौवनावस्थाका महिलाहरूको संख्या ५०% रहेको छ ।

## ५.३ परिवारको प्रकार :

नेपाली समाजमा तीन किसिमका परिवार पाइन्छन् सकारात्मक परिवार, संयुक्त परिवार र वृहत परिवार । ती मध्ये मुख्य गरेर एकात्मक र संयुक्त परिवारको वाहुल्यता रहेको पाइन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताको परिवारको प्रकार पनि हेरिएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

उत्तरदाता महिलाहरूको परिवारको प्रकार

तालिका नं. ३

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | २५ | ६२.५ |
| संयुक्त | १५ | ३७.५ |
| **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथि उल्लेखित तालिका ३ अनुसार ६२.५% अछामी महिलाहरू एकात्मक परिवारमा र ३७.५% अछामी महिलाहरू संयुक्त परिवारमा बसोबास गरिरहेका छन् । अछामबाट एउटा परिवार मात्र छोरा-छोरीलाई राम्रो विद्यालयमा शिक्षा दिने उद्देश्यले आएका र अंशवण्डा गरी टीकापुरमा सरेका हुनाले एकात्मक परिवारको संख्या बढी छ

घरेलु हिंसाको व्याख्या गर्ने हो भने संयुक्त परिवारमा महिलाहरूले ससुरा, जेठाजुहरू तथा श्रीमानको भनेको मान्नु पर्ने र यी पुरुषहरूको आफ्नै किसिमको सोच र निर्णय गर्ने प्रक्रिया भएकाले महिलाहरूले सबैसँग समन्वय मिलाउनु पर्ने अवस्थाले गर्दा एकल परिवारमा भन्दा संयुक्त परिवारमा हिंसाको मात्रा अलि बढी छ । एकल परिवारमा श्रीमानको मात्र बर्चश्व हुँदा पनि खर्च गर्नु परेको अवस्थामा होस् वा निर्णय गर्ने कुरामा श्रीमानको आदेशलाई पर्खिनु पर्ने बाध्यताले यस्तो किसिमको परिवारमा पनि हिंसा रहेको छ ।

## ५.४ वैवाहिक स्थिति :

प्रायः अविवाहितको तुलनामा विवाहत महिलाहरूमा बढी घरेलु हिंसा हुने भएतापनि अछामी समुदायमा छाउपडी प्रथाले गर्दा अविवाहित महिलाहरू माथि पनि हिंसा भएको देखिएको छ । प्रस्तुत अध्ययनको क्रममा समेटिएका उत्तरदाताको वैवाहिक स्थितिलाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

उत्तरदाताहरूको वौवाहिक स्थिति

तालिका नं. ४

| वैवाहिक स्थिति | हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| विवाहित | कुटपिट झैझगडा | ३३ | ८० |
| अविवाहित | छाउपडी प्रथा | ३ | ५ |
| विधवा | यौन दुरव्यवहार | ४ | १५ |
| **जम्मा** | | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथि उल्लेखित तालिका ४ अनुसार ८०% महिलाहरू विवाहित देखिए भने ५% अविवाहित र १५% महिलाहरू विधवा छन् । प्रायः अविवाहितको तुलनामा विवाहित महिलाहरूमा बढी घरेलु हिंसा हुने भएतापनि अछामी समुदायमा छोराको अत्याधिक

महत्व र छाउपडी प्रथाले गर्दा अविवाहित महिलाहरू पनि हिंसा सही रहेका छन् । ८०% विवाहित महिलाहरूले आफ्नो श्रीमानको सदस्यहरूबाट ५% अविवाहित महिलाहरू छाउपडी प्रथाका कारणले र १५% विधवा महिलाहरू समाजको रुढीवादी परम्परा र सोचका कारण हिंसा सहन वाध्यता भएको कुरा अध्ययनबाट प्रष्ट भएको छ ।

## ५.५ जातिगत विवरण :

नेपाली समाज बहुजातीय एवं बहुभाषिक समाज हो । त्यसमध्ये पनि टीकापुर नगरपालिकामा प्रायः जसो ७५ वटा जिल्लाका मानिसहरू बसोबास गर्दै आएका छन् । प्रस्तुत अध्ययन अछामी समुदायमा केन्द्रीत भएकाले पनि यहाँ अछामी महिलाहरूको जातीगत रुपमा वर्गीकरण गरी व्याख्या गर्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

उत्तरदाताहरूको जातीगत विवरण

तालिका नं. ५

| जातजाती | संख्या | प्रतिशत |
|---|---|---|
| बाहुन | १० | २५ |
| क्षेत्री | २१ | ५२.५ |
| ठकुरी | १ | २.५ |
| दलित | ८ | २० |
| **जम्मा** | **४०** | **१००** |

(**स्रोत : स्थलगत अध्ययन-२०६७**)

माथिको तालिका ५ अनुसार क्षेत्री जातीको संख्या सबभन्दा बढी ५२.५% रहेको छ भने ठकुरी जातीको सबभन्दा न्यून उत्तरदाता महिलाहरू सित सोधपुछ गर्दा बाहुन र दलित जातिका महिलाहरूले आफु माथि हिंसा भएको भनेका छन् । बाहुन जाति अति उच्च जाति भएकाले बाहुनका महिलाहरू पुजापाठ गर्ने, देवी देउतालाई बढी मान्ने गरेकाले छाउपडी प्रथाबाट बढी पिडित भएका देखियो भने दलित महिलाहरू अति तल्लो जाति भएर छुवाछुतको जस्तो कुरिती भोगेकोले पनि बढी हिंसा भएको

देखियो । दलित महिलाहरूका अनुसार उनीहरू पुरुषहरूबाट त अपहेलित त छन् नै सामाजिक तथा साँस्कृतिक सभा-समारोहबाट पनि उनीहरूलाई समाजले नै टाढा राख्छ । दलित जातिक महिलाहरूले उच्च जातिका पुरुषहरूले उनीहरू सित यौनदुर्व्यवहार समेत गरेको तथ्य सोधपुछबाट थाहा भएको छ ।

## ५.६ शैक्षिक अवस्था :

विगतको तुलनामा हाल आएर शिक्षाको महत्वप्रति नेपाली समाज सचेत हुन थालेको छ, साथै महिला शिक्षाको महत्वप्रति पनि वर्तमान समाज उदार देखिन थालेको छ । यहाँ प्रस्तुत अध्ययनमा अध्ययन क्षेत्रका महिलाहरूका श्रीमानहरूको शैक्षिक अवस्था दर्शाउने प्रयास गरिएको छ ।

उत्तरदाता महिलामका श्रीमानहरूको शैक्षिक अवस्था

तालिका नं. ६

| पढाईको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ३ | ९.०९ |
| सामान्य शिक्षित | १७ | ५१.५१ |
| विद्यालय | १० | ३०.३० |
| विश्वविद्यालय | ३ | ९.०९ |
| **जम्मा** | **३३** | **१००** |

(**स्रोत : स्थलगत अध्ययन-२०६७**)

माथिको तालिका ६ अनुसार सामान्य शिक्षित महिलाहरूको संख्या सबभन्दा बढी छ भने विश्वविद्यालय र अशिक्षितको संख्या बराबर छ । यसरी उत्तरदाताहरू सित सोधपुछ गर्दा पनि उनीहरूमाथी हुने घरेलु हिंसाको मुख्य कारण अशिक्षा मात्र होइन । यो शैक्षिक अवस्था अनुसार उनीहरूका श्रीमानहरूमा अशिक्षित तथा विश्वविद्यालयसम्म अध्ययन गरेका पुरुषहरूको संख्या लगभग बराबर छ तर उनीहरूका श्रीमतीहरू माथी हुने घरेलु हिंसामा भने शिक्षा अनुसारको फरक छैन ।

उत्तरदाता महिलाहरूका अनुसार पुरुष प्रधान समाज, पितृसत्ता र शिक्षित भए पनि आफ्नो श्रीमतीले आफ्नो भनेको मान्नु पर्ने रुढीवादी सोचले पनि उनीहरू हिंसामा परेका छन् । अछामी समुदायका पुरुषहर शिक्षित, अशिक्षित, सामान्य शिक्षित जस्तो भएपनि जाँड रक्सी खाएर आफ्नो परिवारलाई दुःख दिने गरेको कुरा पनि उत्तरदाता महिलाहरूबाट थाहा हुन आएको छ ।

उत्तरदाता महिलाको शैक्षिक विवरण

तालिका नं. ७

| पढाईको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ५ | १२.५ |
| सामान्य शिक्षित | १५ | ३७.५ |
| विद्यालय स्तर | १५ | ३७.५ |
| क्याम्पस | ५ | १२.५ |
| **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०६७**)

यो तालिका ७ अनुसार पनि उत्तरदाता महिलाहरूको शैक्षिक अवस्थाले उनीहरूमा हुने हिंसामा कुनै फरक नपारेको कुरा प्रष्ट पार्छ । यो तालिकामा उत्तरदाता महिलाहरूको आफ्नो शैक्षिक अवस्था देखाइएको छ । जसअनुसार अशिक्षित र क्याम्पस स्तरसम्म शिक्षा आर्जन गरेका दुबै समूहको संख्या १२.५% छ । सामान्य शिक्षित र विद्यालय स्तरको पनि शिक्षाको संख्या ३७.५% गरी बराबर नै छ । यसरीतालिका नं. ७ जस्तै ८ मा पनि शिक्षित मात्र भएमा मात्र घरेलु हिंसा कमी ल्याउन सकिंदैन । घरेलु हिंसाको मात्रामा कमी ल्याउन समाजका रुढीवादी परम्परा, मूल्य, मान्यता जस्ता कुराहरूमा सुधार गर्नुपर्ने आवश्यक देखिन्छ ।

## ५.७ आर्थिक अवस्था :

नेपाल एक कृषि प्रधान देश हो यहाँको मुख्य पेशा कृषि हो । तर वर्तमान समयमा विभिन्न कारणले गर्दा टीकापुर नगरपालिकाका धेरै मानिसहरू आयआर्जनका लागि छिमेकी राष्ट्रहरूतिर लाग्ने गरेको देखिएको छ । भारत तिर लाग्ने बाहेकका व्यापारी र जागिरे पनि रहेका छन् । यसै क्रममा उत्तरदाता महिलाहरूको आर्थिक अवस्था थाहापाउनका लागि उत्तरदाताका परिवारले अपनाउँदै आएको पेशा तथा उत्तरदाता महिलाहरूको पेशालाई तलका तालिकाहरूमा देखाइएको छ ।

उत्तरदाता महिलाहरूका श्रीमानको पेशागत विवरण

तालिका नं. ८

| जातजाती | संख्या | प्रतिशत |
|---|---|---|
| जागिर | १२ | ३० |
| व्यापार | ८ | २० |
| कालीगढ | २ | ५ |
| कृषि | ४ | १० |
| मजदुरी | १ | २.५ |
| वैदेशिक रोजगार | १३ | ३२.५ |
| **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका ८ अनुसार उत्तरदाता महिलाहरूका परिवारका ३२.५% सदस्य वैदेशिक रोजगारतिर लागेको देखिन्छ । उनीहरूसित सोधपुछ गर्दा आफु मध्येबाट कोही पनि अथवा घरका कुनै महिला सदस्य वैदेशिक रोजगार तिर नलागी पुरुष सदस्यहरू मात्र यो तिर लागेका रहेछन् । आफ्नो श्रीमान जागीर गरी, मजदुर गरी वा व्यापार गरी फर्कंदा उनीहरूलाई खाजाको तयारी गर्ने उनीहरूको जुत्ता, मोजा फुकाई दिने र कहिले काहीं आउँदा आउँदै पेशागत तनावले आफ्नो श्रीमानको गाली पनि सुन्नु परेको कुरा थाहा भएको छ ।

उत्तरदाताहरूको जातीगत विवरण

तालिका नं. ९

| pQ/bftfsf] sfdsf] ljj/0f | ;+Vof | k\|ltzt |
|---|---|---|
| जागिर | १० | २५ |
| व्यापार | ३ | ७.५ |
| गृहिणी | २२ | ५५ |
| सिलाई बुनाई | ३ | ७.५ |
| विद्यार्थी | २ | ५ |
| **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०६७**)

यसरी यस तालिका ९ मा उत्तरदाता महिलाहरूको आफ्नो पेशागत विवरण देखाइएको छ । जसमा २५% महिलाहरूले जागिर गर्दा रहेछन्, गृहिणीहरूको संख्या भने सबभन्दा धेरै ५५% रहेको छ । यसरी उनीहरूको आफ्नो पेशागत कार्य सित सम्बन्धित छलफल गर्दा, दुबै जना श्रीमान श्रीमती जागिर र व्यापारी भएको अवस्था पनि छ । तर अवस्था अनुसारको घरायसी कामकाजमा हुने व्यवहारको समानता छैन् । दुबै जना कार्यालय वा पसलबाट सँगै फर्किंदा महिलाहरूले भने भान्सामा पस्नु पर्ने हुन्छ भने पुरुषहरूले खाजाको पर्खाइमा केहीबेर आराम गर्दछन् । विद्यालय जाने उमेरका बालिकाहरूसित कुराकानी गर्दा दाजुभाई सित विद्यालयबाट फर्केकी दिदीले झोला नराख्दै दाजुभाईलाई खाजा ठिक पार्नु पर्ने अवस्था पनि छ । उनीहरूका अनुसार छाउपडी अवस्थामा पनि विद्यालयबाट फर्किने बित्तिकै घाँस काट्न जानु पर्ने बाध्यता पनि छ । यसरी महिलाहरूले बाहिर कामसँगै घरायसी काम पनि हेर्नु पर्ने बाध्यता उत्तरदाताका छलफलबाट थाहा हुन आएको छ ।

## ५.८ धर्म :

नेपाली समाज बहु धर्मालम्बीहरूको समाज भएर पनि यहाँको विशेषता भनेको सामाजमा धार्मिक सहिष्णुता कायम रहनु हो । यसैक्रममा प्रस्तुत अध्ययनमा पनि उत्तरदाताहरूको धर्मको स्थिति हेर्दा प्रायः जसो सबै महिलाहरू हिन्दू धर्म मान्ने देखिएता पनि हिन्दू धर्म अन्तर्गत पनि मानव धर्म, श्रीकृष्ण प्रणामी, ॐ शान्ति, सन्त निरंकारी धर्म मान्नेको संख्या तलको तालिकामा छ ।

उत्तरदाताहरूको धर्म अनुसार विवरण

तालिका नं. १०

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| शुद्ध हिन्दू | २३ | ५७.५ |
| मानव धर्म | ३ | ७.५ |
| श्रीकृष्ण प्रणामी | २ | ५ |
| ॐ शान्ति | २ | ५ |
| सन्त निरंकारी | १० | २५ |
| **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका १० अनुसार उत्तरदाता महिलाहरू सबै हिन्दू धर्म मान्ने रहेछन् । तर हिन्दू धर्म समाजको ज्ञान लिएको त कसैले सन्त निरंकारीमा आफ्नो आस्था रहेको देखाएका छन् । यसरी धर्म अनुसार हिंसाका कुरा गर्ने हो भने उत्तरदाता महिलामध्ये सन्त निरंकारीमा आस्था राख्ने महिलाहरूले छाउपडी प्रथा भोग्नु परेको छैन र अरु धर्मजस्तै मानव धर्म, श्रीकृष्ण प्रणामी र ॐ शान्तिमा पनि शुद्ध हिन्दु धर्म जस्तो कट्टर, छाउपडी प्रथाको पालना गर्नु परेको छैन । अरु घरेलु हिंसा जस्तै झै-झगडा, गाली गलौज, हेपाई, जस्ता हिंसा सबै धर्मका महिला उत्तरदाताले भोगेका छन् ।

## **५.९ उत्तरदाता महिलाको नाता अवस्था अनुसारको विवरण :**

तालिका नं. ११

| उमेरगत अवस्था | हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| हजुरआमा | वृद्धाअवस्थामा हेरचाहको अभाव | २ | ५ |
| आमा | झैझगडा | १० | २५ |
| सासु | छोरा र श्रीमानबाट हेपाई | ५ | १२.५ |
| बुहारी | कामको अत्यधिक बोझ | १० | २५ |
| छोरी | छाउपडी प्रथा | ३ | ७.५ |
| पत्नी | जांड रक्सी खाएर मारपिट | १० | २५ |
| **जम्मा** | | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिकामा ११ उत्तरदाता महिलाहरूको पारिवारिक स्तर वा परिवारमा कुन स्थान छ देखाइएको छ । यो तालिका अनुसार महिलाहरू आफ्नो परिवारमा विभिन्न नाता र सम्बन्धले गाँसिएका हुन्छन् । छोरी, आमा, बुहारी, हजुरआमा, सासु, पत्नीको हैसियतले आफ्नो जिम्मेवारी पूरा गरी रहेको हुन्छन् । उत्तरदाता महिलाका अनुसार हजुरआमा स्तरका महिलाहरूले उचित माया ममताको कमी जस्तो हिंसा भोगेको सामना गर्नु परेको छ । छोरी, बुहारी तथा पत्नीले छाउपडी, जाँडरक्सी खाई कुटाई तथा गालीगलौज जस्ता हिंसा भोगी रहेका छन् ।

# परिच्छेद-६

# उत्तरदाता महिलाले भोगेका हिंसाको प्रकार, असर र धारणा

## ६.१ महिला विरुद्धको हिंसा :

अध्ययन क्षेत्र टिकापुर न.पा. का अछामी समुदायका अधिक महिला एकल परिवारमा बस्दै आएका कारण यस क्षेत्रमा श्रीमान्बाट श्रीमती माथी हुने गालीगलौज, कुटपीटका घटना नै अधिकतम मात्रामा हुने गरेका छन् । श्रीमान श्रीमती शिक्षितै भएपनि रक्सी सेवन गरी अरु महिलाहरू सितको नाजायज सम्बन्धले पनि श्रीमती कुट्ने मानसिक यातना दिने गरेको घटनाहरू देखिन्छ । अझै वैदेशिक रोजगारमा लागेका पुरुषहरूको श्रीमतीले झन परिवारका अन्य महिला सदस्यहरूबाट पनि केही मानसिक र शारिरीक यातना सहनु परेको छ । अविवाहित केटीहरूमा कुरा गर्ने हो भने सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छाउपडी प्रथाका कारण राम्रो खान, लाउन पाउनेहकबाट पनि बञ्चित हुनु परेको छ । यो प्रथाले गर्दा विद्यालय जाने उमेरका केटीहरू कहिले काहीं आफु बाहिर सरको अवस्था लुकाउन बाध्य छन् । उत्तरदाता मध्येका विधवा महिलाहरू कोही नाबालक सन्तानसँग बस्दै आएका छन् भने कोही छोरा, बुहारीको अपशब्दमा आफ्नो जीवन बिताई रहेका छन् । कयौंले घरपरिवारबाट टोकुवा, अल्छीनी भनी अपहेलित हुनु परेको, विधवा, त्यो पनि कम उमेरमा विधवा भएकाहरूले त झन समाजका यौन पिपासुहरूको कुटील आँखाबाट पनि आफुलाई जोगाउनु परेको छ । अझै अविवाहित आमा हुनुको पीडा त छँदै छ ।

यसरी उत्तरदाताहरू सित उनीहरूले भोगेका हिंसाका प्रकार र असरका बारेमा कुरा गर्दा अछाममा रहँदाको अवस्था र अहिले टीकापुरमा आएको अवस्थामा खासै परिवर्तन आएको देखिएन । उनीहरूका अनुसार अछाम दुर्गम पहाडी जिल्ला भएकोले विहानै उठेर काममा लाग्नु पर्ने देखिन्छ भने अहिले टिकापुरमा त्यो अवस्था छैन । हिंसाका प्रकारमा पनि खासै परिवर्तन आएको देखिँदैन । उही रक्सी सेवन र कुटाई

सहेको, छाउपडी प्रथा कायमै रहेको, गर्भपतन तथा अनिच्छित गर्भधारण गर्ने गरेको, छोरालाई महत्व दिएको, आफ्नो निर्णय लादेको, सानो-सानो कुरामा गाली गलौज गरेको जस्ता कुरा कायम रहेको देखियो । यी समग्र महिला उत्तरदाता माथी के कसले के कस्ता प्रकारका हिंसा खेप्नु परेको छ भनी तलका तालिकाहरूमा देखाइएको छ ।

उत्तरदातामाथी हुने नाता अनुसार हिंसाका प्रकारहरु

तालिका नं. १२

| पिडक पक्ष | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| लोग्ने | कुटपिट, गाली गलौज, अपहेलन | १३ | ३२.५ |
| परिवारका महिला सदस्हरू | कुटपिट, शारिरीक यातना | ११ | २७.५ |
| देवर र जेठाजु | मानसिक यातना, धमी, डर | ५ | १२.५ |
| पिता | बहुविवाह गरी बाबुको र श्रीमानको व्यवारबाट वञ्चित | ३ | ७.५ |
| सौतेनी आमा | छोरा-छोरी प्रतिको कर्तव्यबाट विमुख | २ | ५ |
| समाज | असुरक्षा, हेला, भेदभावपूर्ण व्यवहार | ६ | १५ |
| | **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका १२ अनुसार उत्तरदाता माथी भएका हिंसामा पिडक पक्षका रुपमा लोग्ने, सासु, फुपु, नन्द, ससुरा, देवर, पिता आदि रहेका छन् । जसमध्ये लोग्नेबाट कुटपीट, गाली गलौज र अपहेलनामा परेका महिलाहरूको ३२.५ प्रतिशत,, परिवारका महिलाबाट २७.५ प्रतिशत, देवर र जेठाजुबाट पिडित १२.५ प्रतिशत,

पिताबाट ७.५ प्रतिशत, सौतेनी आमाबाट ५ प्रतिशत र समाजबाट १५ प्रतिशत गरी ६ जना हिंसाका शिकार भएका रहेछन् ।

समग्रमा अछामी समुदायका महिलाहरूले सर्वाधिक रुपमा लोग्नेबाट हिंसा पिडित बन्नु परेको देखियो भने सासु, ससुसा, फुपु लगायतका परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा लोग्नेलाई कुरा लगाई पिट्न लगाइएको पनि देखियो भने, विधवाहरूले समाजका यौन व्यवहारिकहरूको दुर्वव्यवहार सहनु परेको देखिएको छ र अविवाहित भने सौतेनी आमाका दुव्यवहारले सानो उमेरमा विवाह गर्न बाध्य भएका छन् ।

## ६.२ उत्तरदाता महिलाको उमेरचक्र अनुसारको हिंसा :

छनौटमा परेका महिलाहरूले आफ्ना जिवनका विभिन्न पडावमा भोगेका विभेद तथा हिंसाको धारणालाई प्रस्तुत गर्ने क्रममा कूल मतदाताले आफ्नो जीवनको बाल्यावस्था ुवावस्था तथा गर्भावस्थामा भोगेका हिंसालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाताले बाल्यावस्थामा भोगेको हिंसाको प्रकार

तालिका नं. १३

| हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| पढ्न नपाएको | २० | ५० |
| बालविवाह | १८ | ४५ |
| कुपोषण | २ | ५ |
| **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका १३ अनुसार ५०% महिलाहरूले आफ्नो बाल्यकालमा पढ्न पाएका थिएनन् । उनीहरूका अनुसार घरको जेठो सन्तान भएर र आमा प्रायः विरामी नै हुने हुँदा आफुले पढ्न नपाएको कुरा बताए र ४५% ले बालविवाह गरेका थिए ।

बालविवाह गर्ने एउटा मुख्य कारण छाउपडी प्रथा पनि थियो । बाहिर नसरेकी छोरीको कन्यादान गरेमा ७ जुनीसम्म पुण्य पाइने भएका कारणले पनि आमाबुबाले सानै उमेरमा विवाह गरि दिने कुरा उनीहरूले बताए भने गरिबीका कारण आफुले बाल्यावस्थामा कुपोषण गस्तो अवस्था भोगेको पनि उनीहरूबाट थाहा हुन आएको छ ।

उत्तरदाताले गर्भावस्थामा भोगेका समस्या

तालिका नं. १४

| हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| पोषिलो खानाको अभाव | १६ | ४० |
| उचित हेरचाहको अभाव | १५ | ३७.५ |
| स्वास्थोपचार नपाएका | ६ | १५ |
| **जम्मा** | **३७** | **१००** |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

त्यसपछि गर्भावस्थामा पनि पोषिलो खाना नपाएर, उचित हेरचाह नपाएर र स्वास्थोपचार नपाएर कयौंको ज्यान गएको, बच्चा गर्भमै बितेको, बच्चा जन्मेपछि बितेको जस्तो कुरा उत्तरदाता महिलाहरूले भनेक छन् । ४०% महिलाहरूले आफू गर्भवती हुँदा राम्रो खाना पाएका थिएनन् । उचित हेरचाहको अभावले ३७.५% महिलाहरूको गर्भतुहिएको थियो भने, १५% महिलाहरू स्वास्थ्य केन्द्रमा खोप लगाउन र जचाउन नसकेकोले आफ्नो बच्चा गर्भमै बितेको कुरा थाहा नपाई मृत शिशुलाई कष्टकर प्रसव पिडाबाट जन्माउन बाध्य भएका थिए ।

## ६.३ हिंसाका प्रकारहरू :

नेपाली महिलाहरू विभिन्न किसिमले विभिन्न प्रकारका हिंसाबाट पिडित भएको पाइन्छ । प्रायः शारिरीक तथा मानसिक रुपले पताडित हुने महिलाहरू मध्ये कतिले हिंसा सहेर घरमै बस्दछन् भने कति महिलाहरू सहयोगका लागि विभिन्न संस्थामा पुग्ने गर्दछन् । अध्ययनका क्रममा देखिएका उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाता माथिको हिंसाका प्रकारहरू

तालिका नं. १५

| क्र.सं. | शारिरीक हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कुटपीट | २० | ५० |
| २. | गालीगलौज | १३ | ३२.५ |
| ३. | गर्भपतन | ४ | १० |
| ४. | शारिरीक यातना (छाउपडी) | ३ | ७.५ |
| | **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका १५ अनुसार उत्तरदाताहरूले सबैभन्दा धेरै कुटपिटबाट हिंसा सहनु परेको छ । उनीहरूका अनुसार बाहिरको अनैतिक सम्बन्ध, अत्याधिक रक्सी सेवन, श्रीमतीमाथी नचाहिने शंका गरी र प्रत्येक कुरामा घरका अरु सदस्यहरूको कुरा सुनी श्रीमानले आफुलाई दैनिक पिट्ने गरेको छ । केहीले त आफु बेरोजगार हुने, श्रीमानले जागिर गर्ने, श्रीमतीहरूलाई पनि रिस गरी दैनिक केही न केही कुरामा निहूँ झिकी पिट्ने गरेको बताएका छन् । साथै ३ वटा छोरी भएर अझै छोराको आशमा ३ पटकसम्म गर्भपतन गराएको कुरा पनि उनीहरूको छलफलबाट थाहा भएको छ ।

किशोरावस्थामा भेगेका हिंसाको प्रकार

तालिका नं. १६

| क्र.सं. | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरको काममा विभेद | २० | ५० |
| २. | यौनशोषण | २ | ५ |
| ३. | छोरा-छोरी विभेद | १८ | ४५ |
| | **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

उक्त तालिका १६ अनुसार उत्तरदाता महिला मध्ये आफूले किशोरावस्थामा आएर भोगेको हिंसाका प्रकारहरूको उल्लेख गरिएको छ । घरका छोरी बहिनीहरूमा घरायसी काममा संलग्न हुनु परेको र दाजुभाई भने आफ्नो पढाई लेखाई र व्यक्तित्व विकासको काममा लाग्ने गरेको पाइएको छ । यसै क्रममा घरको काममा विभेदमा परेका महिलाहरूको संख्या ५० प्रतिशत, यौन शोषणमा परेकाको संख्या ५ प्रतिशत र छोरा-छोरीमा विभेदमा परेकाको संख्या ४५ प्रतिशत रहेको छ ।

युवावस्थामा भोगेका हिंसाका प्रकार

तालिका नं. १७

| क्र.सं. | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरेलु हिंसा | २२ | ५५ |
| २. | यौनदुर्व्यवहार | ३ | ७.५ |
| ३. | छाउपडी प्रथाका कारण | १२ | ३० |
| ४. | गर्भपतनबाट | ३ | ७.५ |
| | **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०६७**)

उक्त तालिका १७ अनुसार उत्तरदाता महिलाहरू मध्ये घरेलु हिंसामा परेका ५५ प्रतिशत, यौनवस्थामा यौन दुर्व्यवहारमा परेका ७.५ प्रतिशत, छाउपडी प्रथाका कारणले हिंसा सहनु परेका महिलाहरूको संख्या ३० प्रतिशत रहेका छन् भने गर्भपतनबाट ७.५ प्रतिशत रहेका छन् । यसरी युवावस्थाको उमेरमा कुरा गर्ने हो भने धेरै जस्तो महिलाहरूले युवावस्थामा नै घरेलु हिंसा भोगेका छन् । आफ्नो परिवारका सदस्यहरू जस्तै भिनाजुहरूले आफुमाथी कुदृष्टि राखेको, छाउपडी अवस्थामा पनि टाढाको गोठमा कोही नभएका बेला आएर अश्लील कुराकानी गरेको उदाहरण पनि छन् । कुटपिटबाट पनि गर्भपतन भएको कुरा उत्तरदाता महिलाहरूबाट छलफलबाट खुलेको छ ।

## ६.४ महिलामाथिको हिंसाका कारण :

समाजमा तुलनात्मक रुपमा महिला वर्गलेनै पुरुष भन्दा बढी मात्रामा हिंसाको शिकार बन्नु परेको छ । यसै क्रममा प्रस्तुत अध्ययनमा महिला माथी हुने गरेका हिंसाका कारणबारे पनि अध्ययन गरिएको थियो । उत्तरदाताले दिएको तथ्यको आधारमा हिंसा पिडित बन्नु परेका कारणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाता महिलामाथिको हिंसाका कारणहरू

तालिका नं. १८

| क्र.सं. | हिंसाको कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जाँड रक्सीको सेवन | ८ | २० |
| २. | बहुविवाह | १ | २.५ |
| ३. | गरीबी | ३ | ७.५ |
| ४. | अशिक्षा | ५ | १२.५ |
| ५. | छाउपडी प्रथा | १५ | ३७.५ |
| ६. | छुवाछुत | ८ | २० |
| | **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका १८ अनुसार उत्तरदाता महिलाहरूले विभिन्न कारणले हिंसा सहनु परेको छ । उच्च जातका महिलाहरू भन्दा तल्लो जातका महिलाहरूले विभिन्न समयमा सार्वजनिक ठाउँमा होस् वा कतै भोज भतेरमा छुवाछुतको कुप्रथाबाट पनि हिंसा सहनु परेको छ ।

यसरी जाँड रक्सीको सेवनबाट २० प्रतिशत, बहुविवाहका कारणले २.५ प्रतिशत, गरीबीका कारणले ७.५ प्रतिशत, बहुविवाहका कारणले १२.५ प्रतिशत, छाउपडी प्रथा तथा छुवाछुत जस्ता कुरीतिका कारणले क्रमशः ३७.५ प्रतिशत र २० प्रतिशत महिलाहरू हिंसामा परेका छन् ।

## ६.५ हिंसा सहनुका कारण :

अध्ययन क्षेत्रका अर्न्तगतका अधिकांश महिलाहरूले आफुमाथि लाग्ने तथा परिवारका अन्य सदस्यबाट भएका सामान्य कुटपिट तथा गालीगलौजको घटनाको उजुरीका लागि जानु पर्ने आवश्यक ठान्दैनन् भने कति महिलाले त त्यस्ता घटनालाई सामान्य नै ठानेका छन् । उत्तरदाताहरूमध्ये कानुनी उपचारका लागि गुहारर्नेको संख्याँ छैन । जुन श्रीमान, परिवार वा समाजमा बस्नु छ त्यसैले श्रीमान, परिवार र समाजसित लडेर कहाँसम्म पुगिएला र भन्ने जस्ता अभिव्यक्त पनि उनीहरूबाट आएको छ । यसरी हिंसा सहेर बस्नु पर्ने कारणहरूलाई तलका तालिकामा प्रस्तुत गरेको छ ।

उत्तरदाताले हिंसा सहनुको कारणहरू

तालिका नं. १९

| क्र.सं. | हिंसा सहनुको कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रीमान माथी आश्रित | १२ | ३० |
| २. | बच्चाको लागि | १० | २५ |
| ३. | अशिक्षा | ५ | १२.५ |
| ४. | समाजको डरले | ३ | ७.५ |
| ५. | घरपरिवारको व्यवहारमा परिवर्तन आउने आशामा | ३ | ७.५ |
| ६. | सम्बन्ध विच्छेदको डरले | ७ | १७.७ |
| | **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको १९ तालिकाअनुसार ३० प्रतिशत महिलाहरू श्रीमान माथी आश्रित भएकाले हिंसामा परेका छन् भने, २५ प्रतिशत बच्चाको उज्जवल भविष्यका लागि भएपनि सहेर बसेका छन्, १२.५ प्रतिशत अशिक्षित महिलाहरू छन्, ७.५ प्रतिशत समाज र घरपरिवारको व्यवहार परिवर्तनको बाटो कुरिरहेका छन् भने १७.५ प्रतिशत कतै उजरी गर्दा श्रीमानले सम्बन्ध विच्छेद गरी दिने हो कि भनेर पनि हिंसालाई चुपचाप बसी सहेका छन् ।

हिंसा पिडित महिलाहरूसँग समुहमा छलफल गर्दा कतिपयले आफुमाथि हुने हिंसालाई व्यक्त नै गर्न खोजेका थिएनन् ।

## ६.६ महिला विरुद्धको हिंसा रोकथाम बारेको धारणा :

महिला विरुद्धको हिंसालाई कम गर्न वा रोक्नका लागि सर्वप्रथम महिला शिक्षामा जोड दिनु पर्नेका साथै आफ्ना अधिकार र कानूनी प्रावधानका बारे महिलामा जनचेतना जगाउनु पर्ने धारणा उत्तरदाता महिलाहरूको रहेको छ । साथै समाजमा विद्यमान रहेको रुढीवादी धारणा, अन्धविश्वासले, छुवाछुत, छाउपडी प्रथाले गर्दा पनि महिलालाई भेदभाव गर्ने परिपाटी रहँदै आएको महिलालाई पुरुष भन्दा तल्लो दर्जामा राख्ने परम्पराको अन्त्य गर्नका लागि पनि सर्वप्रथम महिला शिक्षामा नै जोड दिई महिला स्वयंमा आफुलाई कमजोर ठान्ने मानसिकता हटाउनु पर्ने धारणा राख्दछन् उत्तरदाता महिलालाई अधिकारतर्फ सचेत गराउनु भन्दा पनि शिपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउनु जरुरी रहेको जसले गर्दा पुरुषमाथिको आर्थिक निर्भरतामा कमी आउँछ साथै सिपमुलक तालिमले आयआर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफुमा आत्मविश्वास जोगाउन सक्ने हुन्छ । यसरी विभिन्न माध्यमबाट महिलाहरूलाई सशक्त बनाएमा उनीहरू विरुद्धको हिंसा रोक्न सफल भइने कुरा अध्ययनले देखाएको छ । महिला विरुद्धको हिंसालाई कम गर्न उपाय कानूनसँग भन्दा पनि सम्बन्धित व्यक्तिहरू सित नै रहेको पाइन्छ । सूचनादाताका अनुसार यसो हुनुका कारणहरू समग्रमा निम्न रहेका छन् ।

- कानूनी चेतनाको अभाव,
- प्रभावकारी रुपमा उपचार पाइन्छ कि भनने विश्वास,
- अन्याय सहेर बस्ने सामाजिक मान्यता,
- पितृसत्तात्मक पारिवारक ढाँचा,
- आफ्नो अधिकार प्रतिको उदासिनता आदि ।

महिला विरुद्धको हिंसालाई काम गर्न पारिवारीक मेलमिलाप र समन्वयनको प्रक्रियाबाट समस्या समाधान गर्न गराउने सम्बन्धमा विशेष कानून कार्यविधि र संयन्त्रको अभाव खडकिएको छ । यसका निम्ति कानून, सरल कार्यविधि, मेलमिलाप समन्वय जस्ता उपचार पद्धती, हिंसाको गार्भीयता र मात्रा अनुसार सँजाय र क्षतिपूर्तिको व्यवस्था, स्थानीय निकायको भूमिका, पुर्नस्थापा रहेर विचार सम्बन्धी विशेष संरक्षणात्मक व्यवस्था जस्ता पक्षलाई समेटी उचित कानून बन्न जरुरी छ । महिला विरुद्धको हिंसा रोकथामका लागि भन्ने धारणा सूचनादाताको रहेको छ ।

दुई दशक लामो संघर्षपछि महिलाले भोग्दै आएको घरेलु हिंसा कानूनी दायरामा आउने क्रममा छ । यसले घरभित्र शारिरीक तथा मानसिक यातना भोगिरहो हजारौं महिलालाई कानूनी उपचार खोज्ने अवसर दिएको छ । घरेलु हिंसासम्बन्धी विद्येयकको माग लामो समयदेखि थन्किएको थियो जसलाई कानूनी रुप प्रदान गर्न महिला सभासदहरूका साथै महिला हिंसाका विषयमा काम गरिरहेका दर्जनौं संघ संस्थाले प्रभावकारी भूमिका खेलेको देखिन्छ ।

२०४६ सालको जनआन्दोलन लगतै केही अधिकारवादीले घरभित्र महिलाहरू विभिन्न किसिमले प्रताडित भैरहेकाले त्यसलाई रोक्न कानूनको आवश्यकता पर्छ भन्ने आवाज उठाउन थालेका थिए । त्यसबेला यस्तो आवाज उठाउनेलाई घर भाँड्ने समूहका रुपमा पनि हेरियो । अर्को कुरा के छ भने घरभित्र हिंसा हुन्छ भन्ने कुरालाई सबै पक्षले स्वीकार गर्नु र त्यस्ता व्यक्तिलाई सँजाय दिलाउनु पर्छ भन्ने कुरामा एकमत हुनु घर घरेलु हिंसा विरुद्धको अभियानको अर्को महत्वपूर्ण उपलब्धि हो ।

## ६.७ हिंसाबाट पर्न गएको असर :

उत्तरदाता महिलामा शारिरीक, मानसिक आदि प्रकारका असरहरू हिंसाबाट पर्न गएको पाइन्छ र सकेसम्म आफुमाथि हुने हिंसालाई सहेर बस्ने गरेको पाइन्छ । यसरी सहनुको मुख्य कारण भनेको हिंसा विरुद्धको आवाज उठाउँदा अझै अरु दुःख र कष्ट

खप्नु पर्ने हो कि भन्ने डर र त्रास पनि हो । यसरी परिवार र श्रीमान माथि आवाज उठाउँदा महिलाहरूलाई सामाजिक तथा पारिवारीक लाञ्छानाको पनि सामना गर्नुपर्ने हुन्छ । तर यस्ता हिंसा सहनाले उनीहरूले मानसिक कष्ट एवं नैराश्यताका कारण आफ्नो गतिशिलतासम्म गुमाउनु पर्ने स्थिति उत्पन्न हुन पुगेको पाइन्छ । अध्ययनका क्रममा देखाएको उत्तरदाता महिलामाथि हिंसाबाट पर्न गएको असरलाई तलका तालिकमा प्रस्तुत गर्न खोजिएको छ ।

उत्तरदाता माथि हिंसाबाट पर्न गएका असरहरू

तालिका नं. २०

| हिंसाको प्रकार | हिंसाको असर | संख्या | प्रतिशत |
|---|---|---|---|
| कुटपीट, गाली | अङ्गभङ्ग चोटपटक | २० | ५० |
| गर्भपतन | शारिरीक, मानसिक असर | १ | २.५ |
| धम्की | डर, त्रासबाट ग्रस्त | १ | २.५ |
| सम्बन्ध विच्छेद | सम्बन्ध टुट्ने भएकाले मानसिक | ७ | १७.५ |
| छुवाछुत | सामाजिक झै झगडा | ८ | २० |
| छाउपडी | पोषणका कमी, संक्रमण | ३ | ७.५ |
| | **जम्मा** | **४०** | **१००** |

**(स्रोत : स्थलगत अध्ययन-२०६७)**

माथिको तालिका २० अनुसार अछाम समुदायका महिलाहरूमा कुटपीट, गर्भपतन, धम्की, सम्बन्ध विच्छेद, छुवाछुत तथा छाउपडी प्रथाबाट हिंसा हुने भएको देखाइएको छ । कुटपीटबाट ५० प्रतिशत, गर्भपतनबाट २.५ प्रतिशत, धम्कीबाट २.५ प्रतिशत र छाउपडी प्रथाबाट ७.५ प्रतिशत महिलाहरू पिडित देखिएका छन् जसका विभिन्न दिर्घकालिन तथा अल्पकालिन असरहरू पनि देखा परेका छन् ।

यसरी भएको हिंसाले अछामी समुदायको महिलाहरूमाथी शारिरीक र मानसिक असर परेको छ । शारिरीक असरका बारेमा सोधपुछ गर्दा कुटपिटबाट उनीहरू कान नसुन्ने, शारिरीक अङ्गभङ्ग, चोटपटकबाट पिडित थिए भने कतिपयले श्रीमानको कुटाइले आफ्नो गर्भ तुहिएको कुरा पनि बताए । पटक-पटक गर्भपतन गराउँदा शारिरीक अवस्था कमजोर हुँदै गयो भने गर्भपतन गराए पछि अर्को गर्भधारणको डरले पनि उनीहरूको मनमा एक किसिमको त्रास उत्पन्न गराउँथ्यो । कतिपय महिलाहरू त गर्भपतनका डरले आफुले गर्भधारण गर्न नचाहेको कुरा पनि भनेका थिए । छाउपडी र छुवाछुत जस्ता कुप्रथाले गर्दा महिलाहरू आफू बाहिर सरेको कुराहरू पनि लुकाउन बाध्य भएका थिए भने दलित महिलाहरू दलित भएको कुरा लुकाएर पछि खुलेकोमा महिलाहरूबाटै कुटाई खाएको कुरा स्पष्ट भएको छ । यसरी प्रत्येक उमेर समूहका महिलाहरूले आ-आफ्नो उमेर, अवस्था, स्तर र नाता अनुसार हिंसा सहि रहेका छन् ।

# परिच्छेद-७

# सारांश र निष्कर्ष

## ७.१ सारांश :

महिला माथि हुने शारिरीक यातनालाई मात्र नभई मानसिक, धार्मिक, कानूनी रुपमका यातनालाई पनि महिला विरुद्धको हिंसा मान्नु पर्ने हुन्छ । विभिन्न सर्वेक्षणहरूले अशिक्षित महिला मात्र होइन, शिक्षित एवं आर्थिक रुपमा सबल भएका महिलाहरू पनि हिंसा सहन वाध्य भएको तथ्य उजागर हुँदै गयो । विशेष गरी बोक्सीको आरोपमा गाउँघरका महिलालाई दिशा खुवाउने तथा गाउँ निकाला गर्ने चलन पनि रहेको तर यस चलनबाट अछामी महिला टाढा रहेको देखिन्छ । संयुक्त राष्ट्र संघको रिपोर्टले पनि नेपालका ८० देखि ९० प्रतिशत महिला श्रीमानको हिंसाबाट पीडित छन् भन्ने देखायो ।

वास्तवमा महिलाहरू कस्ता प्रकारका हिंसाबाट पिडित हुने गरेका छन् उनीहरूले भोगीरहेका हिंसाका कारणहरू उनीहरूको मानसिक तथा शारीरिक विकास नहुन सकेको हो । संयुक्त राष्ट्र संघको अनुसन्धानले विश्वमा ८०% महिला श्रीमानले गर्ने हिंसाबाट पिडित भएको देखाइएकोमा अछामी समुदायका महिलाहरूको पिडा पनि त्यो भन्दा बेग्लै छैन । फलस्वरुप दर्जनौं मुलुकले महिला हिंसासम्बन्धी कानून बनाएका छन् । नेपालमा भने यससम्बन्धी कानूनको भाग गर्दा पनि लामो समयसम्म सुनुवाई हुन सकेको थिएन । घरभित्रको झगडा परालको आगो वा श्रीमानले थप्पड लगाए सहनुपर्छ भन्ने संस्कृतिको अन्त्य गर्न महिला हिंसा सम्बन्धी ऐन दह्रो संयन्त्रका रुपमा स्थापित भएको छ ।

अध्ययनका लागि टि.न.पा. वडा नं. ९ अर्न्तगतका अछामी समुदायका महिलाहरूलाई लिइएको छ । अनुसन्धानका क्रममा वर्णात्मक अनुसन्धान ढाँचाको

अवलम्बन गरिनुका साथै आवश्यक तथ्य संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्यांकको प्रयोग गरिएको छ । केही उत्तरदाताहरूले भने घर परिवारको डरले आफ्ना कुरा राख्न सकिरहेका थिएनन् । प्रस्तुत अध्ययनमा समय अर्थको सिमाका कारणले गर्दा सिमित क्षेत्रभित्र पनि सबै महिलालाई समेट्न सकिएको छैन ।

टिकापुर नगरपालिकालाई चारैतिरबाट नदीनालाहरूले घेरेको छ । प्रायः जसो अछामका विभिन्न ठाउँका मानिसहरू बसाइसरी वा पढाइलेखाईको सिलसिलामा टिकापुरमा बस्दै आएका छन् । यसरी बसाइसराई गरी आएका महिलाहरूमाथि कस्तो किसिमको हिंसा भइरहेको छ । उनीहरूको सामाजिक आर्थिक अवस्था कस्तो छ, आफुमाथि हुने हिंसाका बारेमा के कस्तो जानकारी उनीहरूमा रहेछ भन्ने कुरामा केन्द्रीत भएर यो अध्ययन अनुसन्धान गरिएको हो ।

अछामी समुदायका महिलाको पारिवारीक जनसंख्यमा ५०.५६ प्रतिशत र महिलाको संख्या ४९.३४ प्रतिशत रहेको छ । त्यस्तै उत्तरदाता महिलाहरू मध्ये २१-४० वर्ष उमेर समूहका महिलाको संख्या सबभन्दा बढी रहेको छ ।

पारिवारिक प्रकारको कुरा गर्ने हो भने ६२.५ प्रतिशत महिलाहरू एकात्मक परिवारमा, ३७.५ प्रतिशत महिलाहरू संयुक्त परिवारमा बस्दै आएका छन् । साथै उत्तरादाता महिलाहरूको वैवाहित तथा १५ प्रतिशत महिलाहरू विधवा रहेका छन् । जातिगत आधारमा हेर्ने हो भने प्रायः जसो उत्तरदाता महिलाहरू हिन्दू धर्म मानेको देखियो साथै हिन्दू धर्म अन्तर्गत नै मानव धर्म, श्रीकृष्ण प्रणामी, ॐ शान्ति तथा निरंकारी धर्मप्रति आस्था राख्ने महिलाहरूपनि रहेछन् । यसरी शुद्ध हिन्दू धर्म मात्र मानेको संख्या ५७.५ प्रतिशत, मानव धर्मका अनुयायीहरू ७.५ प्रतिशत, ॐ शान्ति मान्ने ५ प्रतिशत, कृष्ण प्रणामी मान्ने ५ प्रतिशत छन् भने संतनिरंकारी धर्म मान्नेको संख्या २.५ प्रतिशत रहेको छ ।

उत्तरदाता महिलाहरूको जातिगत विवरण हेर्ने हो भने २५ प्रतिशत बाहुन, ५२.५ प्रतिशत क्षेत्र, २.५ प्रतिशत गकुरी र २० प्रतिशत दलित महिलाहरू रहेका छन् ।

अछामी समुदायका महिला माथि गरिएको अध्ययन अनुसन्धान उनीहरूका श्रीमानहरूको शैक्षिक अवस्थाको कुरा गर्ने हो भने जम्मा ३घ प्रतिशत विवाहित महिलाहरू मध्ये ९.०९ प्रतिशत महिलाहरूका श्रीमान अशिक्षित, ५१.५१ प्रतिशत सामान्य शिक्षित, ३०.३० प्रतिशतले विद्यालय शिक्षा आर्जन गरेको र ९.०९ प्रतिशतले विश्वविद्यालयको शिक्षा पूरा गरिसकेका छन् ।

समग्र उत्तरदाता महिलाहरू मध्ये अछामी समुदाय महिलाहरूको शैक्षिक अवस्थाको अध्ययन गर्दा १२.५ प्रतिशत अशिक्षित, ३७.५ प्रतिशत सामान्य शिक्षित, ३७.५ प्रतिशत विद्यायि स्तरसम्म पढेका, १२.५ प्रतिशत क्याम्पससम्म शिक्षा आर्जन गरेका छन् । आर्थिक अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्दा अछामी समुदाय महिलाहरू बढी घरायसी कामकाजमा संलग्न भएको देखिन्छ । पारिवारीक पेशाको कुरा गर्दा जागिरे पारिवारीक संरचना भएका महिलाहरू ३० प्रतिशत, व्यापारी २० प्रतिशत, कालीगढ ५ प्रतिशत, कृषि १०.५ प्रतिशत, मज्दुरी गर्ने २.५ प्रतिशत रहेका छन् भने ३२.५ प्रतिशत मानिसहरू वैदेशिक रोजगार तिर लागेको देखियो ।

अछामी महिलाहरूको आफ्नो पेशा भने ५५ प्रतिशत, गृहिणी रहेको २५ प्रतिशत, ७.५ प्रतिशत व्यापारी, ७.५ प्रतिशत सिलाई बुनाई जस्ता सानो काम गर्ने र ५ प्रतिशत उत्तरदाताहरू व्यापारी देखिए ।

अछामी समुदायका महिलाहरूले भोगेको हिंसाको प्रकार र असरका कुरा गर्ने हो भने लोग्ने, परिवारका अरु महिला सदस्य देवर, जेठाजु, पिता र सौतेनी आमा र समाजबाट पिडित हुन पुगेका छन् । जसमा ३३.५ प्रतिशत लोग्नेबाट, २७.५ प्रतिशत

महिला सदस्यबाट, १२.५ देवर र जेठाजुबाट, ७.५ प्रतिशत पिताबाट, ५ प्रतिशत सौतेनी आमाबाट र १५ प्रतिशत महिलाहरू समाजबाट अपहेलित भएका छन् । उमेर चक्र अनुसार अथवा गर्भावस्था, बाल्यवस्था, किशोरावस्था तथा यौनावस्था गरी उमेरका विभिन्न पडावमा हिंसाको मारमा परेका छन् । जस्तै, गर्भावस्थामा पोसिलो खानाको अभाव ४० प्रतिशत, हेरचाहको अभाव ३७.५ प्रतिशत र स्वास्थ्योपचार नपाएका १५ प्रतिशत महिलाहरू रहेका छन् भने वाव्यवस्थामा पढ्न नपाएका ५० प्रतिशत बालविवाहमा परेका ४५ प्रतिशत र कुपोषणमा परेका ५ प्रतिशत महिलाहरू छन् यसै क्रममा किशोरावस्थामा घरको काममा विभेद खेपेका ५० प्रतिशत, यौनशोषण खेपेका ५ प्रतिशत, लैङ्गिक विभोद खेपेका ४५ प्रतिशतमहिला उत्तरदाता रहेका छन् र अन्त्यमा यौनावस्थामा घरेलु हिंसामा परेका ५५ प्रतिशत, यौनदुर्व्यवहारमा परेका ७.५ प्रतिशत छाउपडी प्रथामा परेका ३० प्रतिशत छन् भने गर्भपतनबाट पिडा भोगेका ७.५ प्रतिशत महिलाहरू रहेका छन् ।

टिकापुर नगरपालिकाका अछामी महिलाहरूले हिंसा सहनुका कारणमा श्रीमान माथी आश्रित ३० प्रतिशत, बच्चाको लागि हिंसा सहेका मध्ये २५ प्रतिशत, अशिक्षा तथा समाजका डरले क्रमशः १२.५ र ७.५, घर परिवारको व्यवहार परिवर्तन हुने आशामा ७.६ प्रतिशत छन् भने सम्बन्ध विच्छेदको डरले हिंसा सहेका महिलाहरू १७.५ प्रतिशत रहेका छन् । उक्त हिंसा कुन कुराले कुन कुराले भइरहेको थियो यसमा पनि अध्ययन गरिएको थियो जसअनुसार २० प्रतिशत जाँडरक्सी सेवनले, २.५ प्रतिशत, बहुविवहका कारण, ७.५ प्रतिशत, गरिबीका कारण, १२.५ प्रतिशत, अशिक्षाका कारण, ३७.५ प्रतिशत, छाउपडी प्रथाका कारण २० प्रतिशत, छुवाछुतका कारण हिंसा सहनु बाध्य भएका थिए ।

## ७.२ निष्कर्ष :

छनौटमा परेका अधिकांश उत्तरदाता महिलाहरू अशिक्षित तथा सामान्य शिक्षित मात्र रहेको पाइयो भने शिक्षित महिलाहरू पनि रुढीवादी सामाजिक मानसिकतामा हुर्केका कारण आफ्नो अधिकारप्रति त्यती रुची नराख्ने वा वास्ता नगर्ने देखियो । छनौटका अधिकाशंश महिलाले आत्मनिर्भर हुने र स्वावलम्बी हुन नखोजेको होइन तर कतिपय अवस्थामा पारिवारीक झै झमेलाले गार्द उनीह रु घरभन्दा बाहिर काम गर्न नसक्ने अवस्था रहेको देखियो भने जागिरे महिलाहरू पनि जागिर पछि आफ्नो व्यक्तित्व विकास पछि नलागी त्यही हिंसात्मक श्रीमान र त्यसको परिवारको सेवा लिन भएको देखियो ।

अछामी समुदायका उत्तरदाता महिलाहरू सबै उमेर समूहका भएता पनि ३१-४० उमेर समूह र विवाहित महिलाहरू अरु विधवा तथा अविवाहित भन्दा अधिक हिंसामा परेको अध्ययनले देखायो । अछामी समुदायका महिलाहरू माथि हुने हिंसाको मात्रा शिक्षाले घटाउला जस्तो देखिएन किनकी अशिक्षित देखि विश्वविद्यालयसम्म शिक्षा प्राप्त गरेका श्रीमान तथा परिवारका अनय सदस्यहरूबाट नै हिंसा हुने गरेको देखिएको छ । अछामी महिलाहरू पारिवारीक, सामाजिक, शारीरिक, मानसिक रुपमा हिंसाको शिकार हुँदै आएका भएता पनि आफुले यसलाई सहजै रुपमा लिएको र यस्तो पारिवारीक जीवनमा हुन्छ नै भन्ने मानसिकतामा पुगेको पनि देखियो । छनौटका महिलाबाट आफुले घरको र कार्यालयको काम दुबै भ्याएर पनि श्रीमान तथा घरका अरु कुनै सदस्यबाट त्यसको सराहना नगरी यो सामान्य हो उसले बुहारी वा श्रीमती हुँदा गर्नु पर्ने कर्तव्य हो भनी भन्ने गरेको पाइयो । छोरीहरूमा पनि धेर थोरै हिंसा छाउपडी प्रथाका कारण हुने गरेको पाइयो । सात दिनसम्म घरको आँगनमा नआउने खोलामा नुहाउन जानु पर्ने जस्ता कुराले एकातिर उनीहरूमा आत्मग्लानी हुन्थ्यो भने अर्को तिर आमाबुबाको नराम्रो हुने डर र त्यो भविष्यमा आफुलाई नराम्रो पर्ने डरले पनि छाउपडी प्रथालाई मान्नु पर्ने वाध्यता अविवाहिताहरूको देखियो ।

छनौटमा परेका महिलाहरूको धारणामा महिलामाथीको हिंसाको कारण भनेको पितृसत्तात्मक सामाजिक संरचना नै हो । जसले गर्दा महिला पुरुष प्रतिको सामाजिक दृष्टिकोण फरक हुन पुगेको छ । साथै शिक्षाको क्षेत्रमा महिला वर्ग पछाडी हुन पुगेको छ । साथै शिक्षाको क्षेत्रमा महिला वर्ग पछाडी परेको छ र शिक्षाको अभावले गर्दा नै महिलाले आर्थिक, राजनैतिक, सामाजिक हरेक क्षेत्रमा पछाडी पर्नु परेको छ । सामाजिक परिवशेका कारणले गर्दा नै आफुलाई कमजोर तथा निर्भर ठान्ने मानसिशकता स्वयं महिलामा पनि विकास मै रहेको छ । जसले गर्दा पनि महिला प्रतिको हिंसाको घटनाले समाजमा झन-झन प्रश्रय पाउँदै गएको छ । त्यसैले पनि समाजमा विद्यमान रहेका महिला हिंसालाई क मगर्न अर्थात् रोक्नका लागि पनि महिला शिक्षामा विशेष जोड दिई महिला स्वयंमा आफ्नो अधिकारप्रति जनचेतना जगाउनुका साथै आफुलाई कमजोर ठान्ने मानसिकतामा परिवर्तन ल्याउन जरुरी छ ।

समाजमा महिला पुरुषको स्थान फरक मात्र नभई असमानतामा आधारित रहेको छ । यो असमानता लिङ्गभेद, महिला र पुरुषको फरक व्यक्तित्वका कारण नभई समाजको संरचनाको कारण भएको हो । पितृसत्तात्मक सामाजिक संरचनाका कारण नै भेदभाव शोष हिंसा असम्मान, असमानता, दमन जस्ता परिणामहरू समाजमा देखिएका छन् । त्यसै कारण, महिला विरुद्धको हिंसा रोक्न यस्तो असमान सामाजिक ढाँचामा परिवर्तन ल्याउनु पर्ने देखिन्छ ।

महिला विरुद्धमा हुने हिंसा स्थान विशेष र सिमित स्वरुपमा मात्र रहेको हुँदैन । यसप्रकारको हिंसाबाट प्रायः सबै क्षेत्र तथा तहमा महिलाहरू आफू महिला भएकै कारणले विभिन्न प्रकारका हिंसात्मक व्यवहारको शिकार हुन पुगिरहेका छन् । यो समस्या कुनै एक स्थान विशेषको मात्र नभएर सम्पूर्ण मुलुक कै समस्याको रुपमा रहेको छ । सामान्यतया महिलामाथि हुने हिंसाका रुपमा शारिरीक, मानसिक, यौगिक क्रियाकलापहरू जस्तै कुटपीट, गालीगलौज, बलात्कार, गर्भपतन आदि पर्दछन् । यस्ता लिङ्गमा आधारित हिंसाले महिलालाई मानव अधिकारको उपभोगबाट बञ्चित गर्नुका

साथै उसको व्यक्तित्व विकासमा समेत बाधा पारिरहेका कारण यस्तो अवस्थाको अन्त्य गर्नाका निमित्त राज्य पक्षबाट नै जनचेतना जगाउने, महिला शिक्षामा जोड दिने, महिलालाई आफ्नो अधिकारप्रति सचेत गराउने अभियान जस्ता कार्यक्रमलाई तिव्रताका साथ संचालन गर्नुपर्ने देखिन्छ ।

सामाजिक विकृतिका रुपमा रहेको जाँड, रक्सी जस्ता मादक पदार्थको सेवन पनि महिला माथी हुने हिंसाको कारणका रुपमा अध्ययनका क्रममा देखिएको हुँदा यस्ता पदार्थको बेचबिखनका सम्बन्धमा कडा कानूनी व्यवस्था लागू गरी यस्ता पदार्थको बिक्री वितरणमा नियन्त्रण गरिनु पर्ने देखिन्छ । अध्ययनका क्रममा अधिक महिलाको आफ्नो आर्थिक श्रोत नभएको तथा लोग्ने लगायत परिवारमाथी आर्थिक रुपमा निर्भर रहनु परेको देखिन्छ । हिंसाको कारणका रुपमा अर्थ पनि पर्ने हुँदा महिलाको आत्मनिर्भरताका लागि सीपमूलक तालिम जस्ता कार्यक्रमहरू महिलालाई प्रदान गरी सशक्त बनाउनु पर्ने पनि देखिन्छ ।

वास्तविक न्यायको पहुँचमा महिलाहरूलाई पुऱ्याउनका निमित्त कानून पनि एक महतवपूर्ण साधन हो र महिला उत्थानका निमित्त उक्त साधनलाई विश्वसनीय भरपर्दो र समानतामा आधारित बनाउनु पर्ने हुन्छ । त्यतिमात्र होइन घरभित्र हिंसा हुन्छ भन्ने कुरालाई सबै पक्षले स्वीकार गर्नु र त्यसता व्यक्तिलाई संजाय दिलाउनु पर्छ भन्ने कुरामा एकमत हुनु घरेलु हिंसाविरुद्धको अभियानको अर्को महत्वपूर्ण उपलब्धि हो ।

कानून बन्नु सुदख कुरा हो । यद्यपि यसको कार्यान्वयन पक्ष केही जटिल हुनेछ । जबसम्म हिंसा खेप्ने महिलाले आफु हिंसाको शिकार भएको कुरा बाहिर ल्याउँदिनन्  तबसम्म पीडक कारवाहीको प्रक्रियामा आउँदैनन् । आफ्नै घरका सदस्यहरूलाई प्रहरी तथा अदालतमा उभ्याउन सक्ने अवस्था त्यसबेला सम्भव हुन्छ, जुनबेला महिलाहरू आफै सक्षम हुन्छन् । शिक्षा, रोजगारी तथा आर्थिक रुपले सम्पन्न अवस्थामा बाहेक घरभित्र महिलाले विद्रोहको हिम्मत गर्नु चानचुने कुरा होइन ।

ग्रामिण भेगका महिलाहरूले यो कानूनबाट फाइदा लिने अवस्था अझै सिर्जना हुन सकेको छैन । सैद्धान्तिक र व्यवहारिक पक्ष फरक-फरक कुराहुन कानूनले सकेसम्म पिडितले अप्ठ्यारो अवस्थाको सामना गर्नु नपरोस् भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्छ तर एकपटक घर बिग्रिएपछि फेरी मेलमिलापको अवस्था सिर्जना हुन गाऱ्हो हुन्छ भन्ने कुरामा पनि ध्यान दिनु आवश्यक छ । कारण अहिले पनि घरबाट विद्रोह गरेकी महिलालाई समाजमा स्थापित हुन गाऱ्हो छ । कानूनले घरेलु हिंसाबाट पिडित महिलाको पक्षमा दिर्घकालीन सोच बनाउनु पर्छ । पीडकलाई सजाँयको व्यवस्था गरेर मात्र यो समस्या समाधान होला जस्तो लाग्दैन ।

# सन्दर्भ-सूची


आचार्य, शंकर, (वि.सं. २०६७) हिंसा एवं उत्पीडन विरुद्ध आवाज साउन लेख अंक ९ ।

आचार्य, मीना, वि.सं. २०५६, अन्तर्वार्ता, अस्मिता, पृष्ठ ८०, काठमाडौं ।

उप्रेती, डा. अरुणा, (वि.सं. २०५७), महिलाको व्यथा, साधना, कामना प्रकाशन पृ. ७०-७६ ।

ताम्राकार, रीना (वि.सं. २०६१), महिला विरुद्ध घरेलु हिंसा एक अध्ययन ।

तुलाधर, इन्दु (वि.सं. २०५६) असार अस्मिता पृ. ५१ देखि ५९ ।

थपलिया, डा. शान्ता (वि.सं. २०५४), समय सापेक्ष साँचो, साप्ताहिक समकालीन प्रकाशन ।

दाहाल, काशिराज (वि.सं. २०५८), महिला विरुद्धको अपराध र नियन्त्रण सम्बन्धी कानूनी पक्ष प्रतिवेदन, न्याय सेवा आयोग सचिवालय, परिशिष्ट-८ पृ..-५७

नेपाल कजन, (वि.सं. २०६७), छोराको चाहनाले बढायो गर्भपतन, लेख साउन अंक ९, बर्ष ९, पृष्ठ ९, चिठी स्तम्भबाट ।

नेपाल सरकार (वैशाख १४ गते २०६६), नेपाल राजपत्र खण्ड ५९ अतिरिक्ताङ्क ३, भाग २, काठमाण्डौ, ।

भण्डारी, लक्ष्मी (वि.सं. २०६३), फागुन, नारी पत्रिका, बहस स्तम्भ, महिलाको प्रगतिका बाधक महिला नै हुन् त ? कान्तिपुर पब्लिकेशन, पृष्ठ १२ देखि १३ ।

भण्डारी, लक्ष्मी (वि.सं. २०६६ जेठ), नारी पत्रिका, अंक ७, बहस-मौनता तोड्यो घरेलु हिंसाले, कान्तिपुर पब्लिकेशन ।

भण्डारी, लक्ष्मी २०६६ जेठ, नारी पत्रिका, अंक ७, पृष्ठ १०, २२-२३, स्रोत, महिला कानून र विकास मञ्च । कान्तिपुर पब्लिकेशन ।

भट्टराई विकास (वि.सं. २०६६ जेठ ५), नेपाल समाचारपत्र, घरेलु हिंसा सम्बन्धी विधेयक संचालन जरुरी छ। वर्ष १४, अंक १२९, पृ. ४ लेख।

महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि CEDAW, धारा छ।

राजभण्डारी, डा. रेणु (वि.सं. २०५५), पारिवारीक हिंसा र महिला स्वास्थ्य, सयपत्री, वर्ष २ पौष।

सम्पादकीय २०६६ जेठ घरेलु हिंसा कानुनी दायरामा अंक ७।

सुवेदी, राजाराम “प्रथम संस्करण २०५८” साल, अछाम जिल्लाको परिचय।

Bennett, Lynn (1979), "Tradition and chance in the legal status of Nepalese Women." in status of Women in Nepal. Vol. 1, Part-II

Bennett, Lynn (1983 A.D,), Dangerous Wives and Scared Sister. Colombia University Press, New York.

Dedari, Pramila (2004 A.D.), Domestic Violence Against Women, "A Study in Scatter Settlement in Kathmandu"

Human Development Report (HDR 2004).

Kumar, Sunil (2008 A.D.), www.questia.com/online-library prepared by SAATHI, in Colaboration with the Asion Foundation.

National Collidation Against Domestic Violence and Domestic Violence Research Center (1998 A.D.)

The United Nations Forth World Conference on Women; September 1995, Action for equality, Development Peace.

United Nations Population Found (UNFPA) 2000, The State of World Population 2000, New York.

World Bank (2005), Gender Contlict and Development 2005, New York.

# प्रश्नावली (Questionnaire)

**अछामी समुदायका महिलाहरूमाथी हुने घरेलु हिंसा भन्ने विषयमा केन्द्रीत रहेर गरिने अध्ययन अनुसन्धानका लागि तयार पारिएको प्रश्नावलीहरू-**

१. **उत्तरदाताको नाम :**

२. **उमेर :**

३. **जाती :**

४. **धर्म :**

क) हिन्दू

ख) बुद्ध

ग) क्रिश्चियन

घ) मुस्लिम

ङ) अन्य

५. **शिक्षा :**

क) अशिक्षित

ख) सामान्य शिक्षित

ग) विद्यालय

घ) विश्वविद्यालय

६. **वैवाहिक स्थिती :**

क) विवाहित

ख) अविवाहित

ग) विधवा

७. **परिवारको प्रकार :**

क) संयुक्त

ख) एकात्मक

**८. के तपाईको श्रीमान् साक्षर हुनुहुन्छ ?**

क) हुनुहुन्छ

ख) हुनुहुन्न

९. तपाइको श्रीमान्‌को शैक्षिक योग्यता कति **हो** ?

क) अशिक्षित

ख) सामान्य शिक्षा

ग) विद्यालय

घ) विश्वविद्यालय

**१०. तपाइले कुनै पेशा अपनाउनु भएको छ ?**

क) छ

ख) छैन

**११. छ भने, तपाइले कुन पेशा गर्नु हुन्छ ?**

क) कृषि

ख) मजदुरी

ग) व्यापार

घ) घरायसी काम

**१२. तपाइको श्रीमानको पेशा के हो ?**

क) जागिर

ख) व्यापार

ग) मजदुरी

घ) वैदेशिक रोजगार

**१३. परिवारको मासिक आम्दानी कति छ ?**

क) २,००० भन्दा तल

ख) २०००-५००० सम्म

ग) ५०००-१०००० सम्म

घ) १०००० भन्दा माथि

**१४. तपाइ सित आफ्नो जमिन जग्गा छ ?**

क) छ

ख) छैन

**१५. छ भने कती छ ?**

क) ५ कठ्ठा भन्दा तल

ख) ५ देखि १० कठ्ठा सम्म

ग) १० देखि २० कठ्ठा सम्म

घ) २० कठ्ठा भन्दा माथि

**१६. तपाइको परिवारमा तपाइको स्थिती के छ ?**

क) छोरी

ख) बुहारी

ग) सासु

घ) पत्नी

ङ) हजुरआमा

च) आमा

**१७. के तपाई आमा बन्नु भएको छ ?**

क) छ

ख) छैन

**१८. छ भने कति छोरा-छोरी छन् तपाइका ?**

क) एक

ख) दुई

ग) तीन

घ) त्यो भन्दा माथि

**१९. बच्चाहरूमा पनि छोरा छोरी मध्ये कसको संख्या बढी छ ?**

क) छोरीको

ख) छोराको

**२०. हिंसा भन्ने के हो तपाईलाई थाहा छ ?**

क) छ

ख) छैन

**२१. बाल्यावस्थामा नपढ्नाको कारण के थियो ?**

क) गरिबी

ख) अज्ञानता

ग) लैङ्गिक विभेद

घ) अत्य

**२२. विवाह कुन अवस्थामा भयो ?**

क) बाल्यावस्थामा

ख) किशोरावस्थामा

ग) यौनावस्थामा

घ) त्यो भन्दा माथि

**२३. कुरालाई हिंसा मान्नु हुन्छ ?**

क) पिट्नु

ख) झगडा गर्नु

ग) दोषारोपण गर्नु

घ) यौनदुर्व्यवहार

ङ) गालीगलौज

च) मानसिक दुःख दिनु

**२४. तपाइको विचारमा हिंसा हुनुका कारण के होलान ?**

क) अशिक्षा

ख) कमजोर आर्थिक अवस्था

ग) पितृसत्ता

घ) रुढीवादी परम्परा

ङ) अन्य

**२५. हिंसा भएमा के गर्नु हुन्छ ?**

क) बेवास्ता गर्छु

ख) सहेर बस्छु

ग) सहयोग माग्छु

घ) माइती जान्छु

ङ) कानूनको शरणमा जान्छु

**२६. तपाइलाई हिंसा विरुद्ध काम गर्ने संघसंस्था बारे जानकारी छ ?**

क) छ

ख) छैन

**२७. तलका मध्ये कुन पिडा सहनु भएको छ ?**

**क) शारिरीक हिंसा**

१. झैं झगडा

२. कुटपिट

३. हातखुट्टा डाम्नु

४. अङ्गभङ्ग हुनु

**ख) मानसिक पिडा**

१. गाली गलौज

२. चरित्र हत्या

३. बोक्सीको आरोप

४. साथीभाईसँग भेट्न नदिनु

**ग) यौन दुर्व्यवहार**

१. वैवाहिक बलात्कार

२. असुरक्षित यौन सम्बन्ध

३. अरुसित यौन सम्बन्ध बनाउन बाध्य बनाउनु

**घ) रुढिवादी परम्पराबाट हुने हिंसा**

१. गर्भपतन (छोरीको भ्रुण)

२. जबरजस्ती विवाह गरि दिनु

३. बालविवाह

४. बहुविवाह

५. सामाजिक उत्सवहरूमा विवाहलाई जान निषेध

**२८. को कसबाट हिंसाको शिकार हुनु भएको छ ?**

क) श्रीमान

ख) सासु

ग) सुसरा

घ) नन्द

ङ) अन्य

**२९. यसरी हिंसा हुनुको मुख्य कारण के हो ?**

क) जाँड रक्सी

ख) यौन असन्तुष्टिका कारण

ग) अरुसितको सम्बन्धले

घ) दाइजो नल्याएको कारण

ङ) छोरा नपाउँदा

च) राम्री नहुँदा

**३०. आफुमाथी बिनाकारण गालीगलौज, मारपीट भएको अवस्थामा तपाई के गर्नु हुन्छ ?**

क) सहनु हुन्छ

ख) प्रतिकार गर्नु हुन्छ

ग) बेवास्ता गर्नुहुन्छ

घ) साथीहरू सित भन्नु हुन्छ

**३१. आफुमाथि हुने गरेको हिंसा किन सहनु हुन्छ ?**

क) आर्थिक परनिर्भरताका कारण

ख) बच्चाको भविष्यका लागि

ग) पारिवारीक दबावले

घ)  समाजको डरले

**३२. आफुमाथि हुने हिंसाको उजुरी गर्नु हुन्छ ?**

क)  गर्छु

ख)  गर्दिन

**३३. महिला विरुद्धको हिंसाको सम्बन्धमा भएको कानुनी प्रावधान बारेमा तपाईलाई जानकारी छ ?**

क)  छ

ख)  छैन

**३४. यसरी हुने हिंसा को-सित छलफल गर्नु हुन्छ ?**

क)  माइतिमा गएर

ख)  साथीभाई सित

ग)  छिमेकी सित

घ)  छोरा-छोरी सित

**३५. उजुरी दिन मनलागेमा कहाँ उजुरी दिनु हुन्छ ?**

क)  नगरपालिकामा

ख)  इलाका प्रहरी कार्यालयमा

ग)  इलाका प्रशासन कार्यालयमा

घ)  गैरसरकारी संस्थाहरूमा